# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९७ | काठमाडौं | बुधबार, १३ साउन २०८३ | Prabhab National Daily | Wednesday, 29 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


चिकित्सक आन्दोलनले स्वास्थ्य सेवा प्रभावित

## देशभरका अस्पतालमा आकस्मिकबाहेकका सेवा ठप्प

- आज पनि देशैभर आकस्मिकबाहेकका सबै सेवा बन्द गर्ने चिकित्सक संघको घोषणा, माइतीघर मण्डलमा विरोध प्रदर्शन गर्ने
- नारायणी अस्पतालका ७१ जना चिकित्सकले मंगलबार दिए सामूहिक राजीनामा
- वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदी पक्राउ
- स्वास्थ्य सेवाजस्तो संवेदनशील सेवामा कुनै पनि प्रकारको अवरोध नगर्न सरकारको आग्रह



**चिकित्सकहरूको आन्दोलनका कारण बहिरंग सेवा बन्द भएपछि मंगलबार चितवनको भरतपुर अस्पतालमा उपचारका लागि आएका बिरामीहरू आकस्मिक कक्षबाट बहिरंग सेवाको सुविधा लिँदै ।** *तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चिकित्सकहरू आन्दोलनमा उत्रिएपछि देशभरका अस्पतालहरूमा आकस्मिकबाहेकका सेवा ठप्प भएको छ । साउन ८ गते वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत डा. प्रमोद राममाथि कुटपिटका साथै अस्पतालमा तोडफोड भएपछि चिकित्सक आन्दोलनमा उत्रिएका हुन् ।

नेपाल चिकित्सक संघले आज पनि देशभरका अस्पतालहरूमा आकस्मिकबाहेकका सबै सेवा बन्द गर्ने घोषणा गरेको छ । 'बुधबार देशैभर आकस्मिकबाहेकका सबै सेवा बन्द गर्ने र काठमाडौंको माइतीघर मण्डलमा विरोध प्रदर्शन गर्ने निर्णय गरेको छ,' नेपाल चिकित्सक संघका अध्यक्ष डा. बद्री रिजाल र महासचिव डा. विश्वराज दवाडीले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

संघले विभिन्न विशेषज्ञ समाज, निजी स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायहरूलाई यस आन्दोलनमा ऐक्यबद्धता जनाउन आह्वान गरेको छ । 'संघको यस आन्दोलनमा साथ दिन विशेषज्ञ समाज, एसोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल, स्वास्थ्यमा क्रियाशील सम्पूर्ण संघ संस्थाहरूलगायत सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई हार्दिक आह्वान गर्दछौं । साथै यस आन्दोलनबाट आमनागरिकहरूमा पर्न जाने असुविधाप्रति क्षमा माग्दै यसको जिम्मेवार नेपाल सरकार स्वयं रहेको व्यहोरासमेत अवगत गराउन चाहन्छौं,' संघको विज्ञप्तिमा भनिएको छ ।

चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको आक्रमण र दुर्व्यवहारको विरोधमा चिकित्सक आन्दोलित हुँदा पोखराका विभिन्न अस्पतालमा उपचार सेवा प्रभावित भएको छ ।

क्रमशः पृष्ठ २ मा

### स्वास्थ्य सेवा अवरोध नगर्न सरकारको आग्रह

सरकारले स्वास्थ्य सेवाजस्तो संवेदनशील सेवामा कुनै पनि प्रकारको अवरोध नगर्न आग्रह गरेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले चिकित्सक तथा स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएपछि अधिकारीले विज्ञप्तिमार्फत अवरोध नगर्न आग्रह गरेका हुन् ।

'स्वास्थ्य सेवाको संवेदनशीलता, चिकित्सक पेसाको गरिमा तथा सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै नागरिकको उपचार सेवामा कुनै अवरोध नआउने वातावरण कायम गरी निर्वाधरूपमा स्वास्थ्य सेवा प्रवाह गर्न सबै अस्पतालहरूलाई मन्त्रालय अपिल गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

# कफर्चु, सेना र सरकारी अपिलले पनि शान्त भएन सुनसरी

धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी एकता कायम राख्न प्रधानमन्त्री कार्यालयको आग्रह

- सरकारी अपिलपछि पनि देवानगञ्जमा हिंसा रोकिएन
- घाइतेको उपचार र क्षतिपूर्तिको सरकारले प्रतिबद्धता जनायो
- सेना, प्रहरीसहित चार सुरक्षा निकाय परिचालित, हेलिकप्टरबाट गस्ती बढाइँदै
- प्रहरीको गोली लागेर मृत्यु भएका ओमप्रकाश मेहतालाई सहिद घोषणा गर्न माग
- सर्वदलीय बैठकबाट राहत र निष्पक्ष छानबिन गर्न माग
- सद्भाव कायम गर्न दल र नागरिक समाजको आग्रह
- रास्वपाले बोलायो सर्वदलीय बैठक, आज बिहान ८ बजे सिंहदरबारमा बैठक बस्ने







■ **जेबी योञ्जन**

**काठमाडौं–** सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा सुरु भएको विवाद अझै साम्य भएको छैन । सामान्य विवादबाट सुरु भएको घटना साम्प्रदायिक तनावमा परिणत भएको छ । त्यसपछि हिंसा चर्किएको छ ।

सरकारको संयमताको अपिलपछि पनि झडप रोकिएको छैन । आगजनी, तोडफोड र लुटपाटका घटना दोहोरिएका छन् । सुरक्षाकर्मीमाथि पनि आक्रमण भएको छ । यसले सुरक्षा संयन्त्रको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव तथा प्रवक्ता हेमराज अर्यालले मंगलबार विज्ञप्ति जारी गर्दै घाइतेको निःशुल्क उपचार गरिने, पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराइने र दोषीमाथि कडा कानुनी कारबाही गरिने बताएका छन् । गृह मन्त्रालयले घटनाको छानबिन गर्न समिति गठन गरिसकेको छ । समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ ।

विज्ञप्तिमा अर्यालले भनेका छन्, 'उक्त घटनाका पीडित पक्षलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन र दोषीउपर कडा कानुनी कारबाही गर्न नेपाल सरकार प्रतिबद्ध छ । कुनै पनि समस्या, असन्तुष्टि वा विवादको समाधान हिंसा वा मुठभेडबाट सम्भव हुँदैन भन्नेमा नेपाल सरकार पूर्णतः विश्वास गर्दछ ।'

सरकारले धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र आपसी एकता कायम राख्न आग्रह गरेको छ । अफवाह र भ्रामक सूचना नफैलाउन पनि सबैसँग अपिल गरेको छ । विज्ञप्तिमा छ, 'धार्मिक एवं साम्प्रदायिक सहिष्णुतामा खलल पुऱ्याउने गतिविधिमा संलग्न नहुन, उत्तेजना वा भ्रामक सूचना नफैलाउन र त्यस्ता भ्रामक सूचनाबाट प्रभावित नभई उच्च संयमता अपनाउन सम्बद्ध पक्षहरूमा नेपाल सरकार हार्दिक अपिल गर्दछ ।'

सरकारले अपिल जारी गरे पनि मंगलबार राति देवानगञ्ज बजारमा फेरि दुई समूहबीच झडप भयो । दुवै पक्ष घरेलु हतियारसहित सडकमा उत्रिएका थिए । त्यसपछि स्थिति तनावपूर्ण बन्यो । सुनसरी प्रहरीका सूचना अधिकारी डिएसपी चन्द्रबहादुर खड्काले प्रहरीले अवस्था नियन्त्रणमा लिने प्रयास गरिरहेको बताए । उनले भने, 'अवस्था अझै सामान्य भइसकेको छैन । त्यसैले कफर्चु हटाइएको छैन ।'

आइतबार राति सुरु भएको विवादमा प्रहरीको गोली लागेर देवानगञ्ज-४ का ओमप्रकाश मेहताको मृत्यु भएको थियो । त्यसपछि सुरु भएको विरोध प्रदर्शन मंगलबार थप उग्र बनेको हो । स्थानीय प्रशासनले दक्षिण सुनसरीका पाँच बजार क्षेत्रमा कफर्चु जारी गरेको छ । तर, प्रदर्शनकारीले त्यसको उल्लंघन गर्दै सडकमा उत्रिएका छन् । प्रहरीका अनुसार सोमबार एउटा पक्षमात्रै सडकमा थियो ।

क्रमशः पृष्ठ २ मा

### नागरिक आन्दोलनको चिन्ता

बृहत् नागरिक आन्दोलनले पनि घटनालाई दुःखद भनेको छ । 'दुई पक्षबीच सुरु भएको विवादमा सम्बन्धित पक्ष र सुरक्षाकर्मीले पर्याप्त सावधानी र संयमता अपनाउन नसक्दा हिंसात्मक रूप लिनु ज्यादै दुःखद र आपत्तिजनक छ,' विज्ञप्तिमा छ ।

घटनापछि स्वतन्त्र छानबिन गर्न, सत्यतथ्य सार्वजनिक गर्न, दोषीलाई कानुनी कारबाही गर्न, मृतकका परिवारलाई राहत र घाइतेलाई निःशुल्क उपचार उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

सरकारले छानबिन समिति गठन गरेर शान्ति कायम गर्ने प्रयास गरेको जनाएको छ । तर, कफर्चु, चारवटै सुरक्षा निकायको परिचालन र सरकारी अपिलपछि पनि अवस्था पूर्णरूपमा सामान्य हुन सकेको छैन । राजनीतिक दल, नागरिक समाज र स्थानीय तहले अब निष्पक्ष छानबिनसँगै दीर्घकालीन समाधान खोज्न सरकारलाई दबाब दिएका छन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदी आइडी नवीकरणमा संघको सहजीकरण

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** साउदी अरेबियामा श्रमिक पठाउँदै आएका वैदेशिक रोजगार व्यवसायीले आफ्नो साउदी रोजगारसम्बन्धी आइडी नवीकरण गर्दा छुट्टै प्रमाणपत्र पेस गर्न नपर्ने भएको छ । मंगलबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधि र नेपालस्थित साउदी दूतावासबीच भएको छलफलपछि साउदी आइडी नवीकरण सहज बनाउने सहमति भएको संघले जनाएको छ ।

संघका प्रथम उपाध्यक्ष महेशकुमार बस्नेत र सचिव केदार अधिकारीको पहलमा विगतको झण्झटिलो प्रावधान हटेको महासचिव हिराबहादुर डाँगीले बताए । उनका अनुसार अब साउदीमा नियमित श्रमिक पठाइरहेका इजाजत प्राप्त संस्थाको आइडी नवीकरण प्रक्रियामा विभिन्न प्रमाणपत्रको प्रमाणीकण आवश्यक पर्ने छैन । नवीकरणका लागि सक्कल कम्पनी दर्ता प्रमाणपत्र र वैदेशिक रोजगार व्यवसाय सञ्चालन इजाजतपत्र अन्य आवश्यक कागजातसँगै पेस गरे पुग्ने भएको छ ।

त्यस्तै, म्यानपावर कम्पनीको सञ्चालक तथा कर्मचारीको प्रहरी चारित्रिक प्रतिवेदनमा पनि परराष्ट्र मन्त्रालयको 'मोफा एटेस्टेसन' आवश्यक नपर्ने बताइएको छ । नवीकरण प्रक्रिया पूरा भएपछि सक्रिय अवस्थामा नरहेका संस्थाको स्थानमा अन्य इच्छुक इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायीलाई नयाँ आइडी उपलब्ध गराइने भएको छ ।

क्रमशः पृष्ठ २ मा

## लोकतान्त्रिकको नेतृत्व विवादमा आएन अन्तरिम आदेश

**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको नेतृत्व विवादसम्बन्धी रिटमा उच्च अदालत पाटनले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । आफूलाई अध्यक्षको जिम्मेवारीमा काम गर्न दिन माग गर्दै किशोरकुमार केसीले दायर गरेको रिटमाथि मंगलबार भएको सुनुवाइपछि अन्तरिम आदेश दिनु नपर्ने निर्णय गरिएको हो ।

न्यायाधीशद्वय स्वीकृति पराजुली र तेजप्रकाश आचार्यको इजलासले अन्तरिम आदेश नहुने र विपक्षीहरूलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिने फैसला गरेको छ । 'अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा, प्रस्तुत निवेदकका हकमा विपक्षीहरूबाट लिखित जवाफ पेस भएपछि अन्तरिम निर्णय हुँदाका बखत संशोधन हुन सक्ने प्रकृतिको देखिँदा हाल निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन,' आदेशमा भनिएको छ । गत असार ५ गते सम्पन्न एसोसिएसनको १३औं साधारणसभाबाट निर्वाचित अध्यक्ष रामप्रसाद गैरे संस्थाको विधानबमोजिम अयोग्य ठहर भएपछि उक्त पद रिक्त भएको थियो ।

क्रमशः पृष्ठ २ मा

## कांग्रेस नेता एवं पूर्वउपप्रधानमन्त्री श्रेष्ठको निधन

- क्यान्सर संक्रमण भएपछि ललितपुरको हेलिअस अस्पतालमा उपचाररत श्रेष्ठको मंगलबार निधन
- श्रेष्ठलाई कांग्रेस सभापति गगन थापाले साउन ७ गतेमात्र वरिष्ठ नेतामा मनोनित गरेको घोषणा गरेका थिए
- कांग्रेसले उनको निधनमा शोक जारी गर्न आज बिहान ८:३० बजे डाक्यो आकस्मिक केन्द्रीय समिति बैठक
- श्रेष्ठको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका आज बिहान ९:०० बजेदेखि ११:०० बजेसम्म पार्टीको केन्द्रीय कार्यालय सानेपामा राखिने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका नेता एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको ८३ वर्षको उमेरमा निधन भएको छ । क्यान्सर संक्रमण भएपछि ललितपुरको हेलिअस अस्पतालमा उपचाररत श्रेष्ठको मंगलबार निधन भएको कांग्रेसले जानकारी दिएको हो ।

उपचाररत श्रेष्ठलाई कांग्रेस सभापति गगन थापाले साउन ७ गतेमात्र वरिष्ठ नेतामा मनोनीत गरेको घोषणा गरेका थिए । थापाले केही दिनमै बस्ने केन्द्रीय समिति बैठकले यो निर्णय अनुमोदन गर्ने बताएका थिए । यद्यपि, सभापति थापाको निर्णय अनुमोदन नभइ श्रेष्ठको निधन भएको छ ।

महामन्त्री प्रदीप पौडेलले मंगलबार बिहान हेलिअस अस्पताल पुगेर श्रेष्ठलाई वरिष्ठ नेतामा मनोनीत गरेको प्रमाणपत्र हस्तान्तरण गरेको बताइएको छ । गोपालमान नेपाली कांग्रेस विभाजित हुँदा शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस (प्रजातान्त्रिक) तर्फ लागेका थिए ।

नेपाली कांग्रेस प्रजातान्त्रिकको उपसभापतिसम्म भएका श्रेष्ठले तत्कालीन सभापति देउवा जेल परेपछि कार्यवाहक सभापति भएर पार्टीको नेतृत्व गरेका थिए ।

देउवाको अनुपस्थितिमा उनकै नेतृत्वमा कांग्रेस प्रजातान्त्रिकले '११औं महाधिवेशन' सम्पन्न गरेको थियो । त्यसबेला श्रेष्ठलाई धेरैले आफैं सभापति बन्न सुझाव दिएका थिए । तर, श्रेष्ठले 'राजाले राजनीतिक प्रतिशोध साधेर देउवालाई जेल हालेकाले उनलाई देखाइदिन पनि सभापति देउवालाई नै सर्वसम्मत गर्नुपर्ने' मत राखेर प्रस्तावक बनेका थिए ।

उनको निधनमा हडकडमा रहेका देउवाले दुःख व्यक्त गरेका छन् । 'मेरा मित्र गोपालमान श्रेष्ठजीको निधनको खबरले स्तब्ध भएको छु । उहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु,' देउवाले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'नेपालको लोकतान्त्रिक आन्दोलनमा उहाँले निभाउनुभएको अग्रणी भूमिका सधैं स्मरणीय रहने छ ।'

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# कफर्यु, सेना...

मंगलबार दुवै पक्ष आमनेसामने भए । त्यसपछि प्रहरीले अश्रुग्यास प्रहार गर्नुपरेको थियो । कोशी गाउँपालिकाको कोशी कटान क्षेत्रमा पसलहरूमा आगजनी र लुटपाट भयो । होटलका कामदारमाथि कुटपिट भयो । धारिलो हतियारसमेत प्रयोग भएको प्रहरीले जनाएको छ । कोशी गाउँपालिका-४ का प्रेमकुमार मलाह माझी गम्भीर घाइते भएका छन् । देवानगञ्ज-२ का सञ्जय यादवमाथि पनि आक्रमण भएको छ । दुवैको विराटनगरस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ ।

प्रदर्शनकारीले देवानगञ्ज-३ का चार घरमा आगजनी गरेका छन् । बजारबाट बस्तीतर्फ जाने सडक अवरुद्ध बनाएर घरमा आगो लगाइएको स्थानीयले बताएका छन् । यस्तै, इनरुवामा प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गरेका थिए । त्यसपछि प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो । घुस्कीमा प्रहरी सहायक निरीक्षक बलराम यादव घाइते भएका छन् । उनको हातमा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ । प्रदर्शनकारीले जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय इटहरीका डिएसपीले प्रयोग गर्ने दुईवटा सरकारी गाडी पनि तोडफोड गरेका छन् ।

### सेनाको हवाई गस्ती

स्थिति बिग्रिएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागलाई संयुक्त रूपमा परिचालन गरिएको छ । नेपाली सेनाले हेलिकप्टरबाट हवाई गस्ती गरेको छ । हरिनगर, देवानगञ्ज, भोक्राहा नरसिंह, कोशी गाउँपालिका र इनरुवामा सुरक्षा बढाइएको छ । यसबीच प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याल मृतक ओमप्रकाश मेहताको घर पुगे । उनले परिवारलाई भेटे । घटनाको निष्पक्ष छानबिन हुने, दोषीलाई कारबाही गरिने र राहत उपलब्ध गराइने आश्वासन दिएका छन् ।

देवानगञ्ज गाउँपालिकाका अध्यक्ष बेचन मेहताको अध्यक्षतामा मंगलबार बसेको सर्वदलीय बैठकले ओमप्रकाश मेहतालाई सहिद घोषणा गर्न सरकारसँग माग गरेको छ । बैठकले घाइतेको निःशुल्क उपचार, राहत, क्षतिपूर्ति र निष्पक्ष छानबिनको माग पनि गरेको छ । 'सर्वदलीय बैठकले मृतकलाई सहिद घोषणा, राहत, घाइतेको उपचार र घटनाको छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गर्ने निर्णय गरेको छ,' उनले प्रभावसँग भने, 'छानबिन समितिलाई अनुसन्धानमा सहयोग गर्ने सहमति पनि गरेका छौं ।'

यस्तै, नेकपा एमालेका महासचिव शंकर पोखरेलले सरकारको आलोचना गरेका छन् । उनले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विवाद समाधानका लागि समयमै सार्थक संवाद र समन्वयको पहल गर्नुको सट्टा राज्य संयन्त्रबाट अनावश्यक बल प्रयोग गर्ने, तुजुक देखाउने र त्रासको वातावरण सिर्जना गर्ने कार्यले परिस्थितिलाई थप उत्तेजित बनाएको छ ।'

एमालेले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको निःशुल्क उपचार, पीडित परिवारलाई राहत तथा क्षतिपूर्ति र घटनाको निष्पक्ष छानबिनको माग गरेको छ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पनि घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन् । रास्वपाले निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र पीडितलाई न्याय तथा राहत दिन सरकारसँग माग गरेको छ ।

सभापति लामिछानेले सुनसरी घटनालगायत विषयमा छलफल गर्न आज बिहान ८:०० बजे सर्वदलीय बैठक आह्वान गरेका छन् । सिंहदरबारस्थित लेखा समितिको बैठक कक्षमा बिहान उक्त बैठक संसद्मा रहेका सबै दलसहित उपेन्द्र यादव, महन्थ ठाकुर र सीके राउत नेतृत्वका दललाई आमन्त्रण गरिएको रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिए । बैठकका लागि सबै दललाई पत्राचार गर्नुका साथै सभापति लामिछानेले नेताहरूलाई आफैं फोन गरेर आमन्त्रण गरेको महामन्त्री आचार्यको भनाइ छ ।

महामन्त्री आचार्यले अत्यन्तै संवेदनशील र दुखद् घटना तथा त्यसले निम्त्याएको असहज अवस्थामा सामाजिक रूपमा फैलन सक्ने द्वेष न्यूनीकरण गरी सद्भाव र शान्ति सुरक्षा कायम गर्न प्रशासनिक प्रयास जारी रहँदा राजनीतिकरूपमा पनि सामूहिक सन्देश र अपिलको आवश्यकताबोध भएकाले छलफल आयोजना गरिएको बताए ।

■■■

# देशभरका...

चिकित्सक संघको आह्वानमा भएको देशव्यापी आन्दोलनअन्तर्गत पोखराका अधिकांश अस्पतालको बहिरंग सेवा बन्द भएको संघको गण्डकी शाखाका अध्यक्ष डा. सुनिल पनेरुले बताए ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, गण्डकी मेडिकल कलेज, मणिपाल शिक्षण अस्पताल, चरक मेमोरियल अस्पताल, फेवा सिटीलगायत अस्पतालमा बहिरंग सेवा बन्द हुँदा सयौं बिरामी उपचार सेवा पाउनबाट बञ्चित हुनुपरेको छ । 'बहिरंग सेवामात्र बन्द छ, आकस्मिकसहितका अन्य सेवा भने सञ्चालनमा नै छन्,' अध्यक्ष डा. पनेरुले भने, 'केन्द्रले तय गरेको आन्दोलन भएकाले केन्द्रकै निर्णयले आन्दोलन जारी रहने वा फिर्ता हुने थाहा हुन्छ, अहिलेसम्म आन्दोलन जारी नै छ ।' चितवनमा पनि स्वास्थ्यकर्मीले जिल्लाका अधिकांश अस्पतालमा बहिरंग सेवा ठप्प पारेका छन् । जसले गर्दा ११ हजारभन्दा बढी बिरामी सेवाबाट प्रभावित भएका छन् ।

नारायणी अस्पतालमा कार्यरत चिकित्सक डा. रामको हाल राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंमा उपचार भइरहेको छ । गत शनिबार वीरगञ्ज महानगरपालिका-२५ निवासी राजकुमार पटेलको नारायणी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । उपचारमा लापरवाही भएको आरोप लगाउँदै आक्रोशित आफन्त र स्थानीयले सोही दिन अस्पतालको आकस्मिक कक्षमा तोडफोड गरेका थिए । त्यस क्रममा ड्युटीमा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीमाथिसमेत कुटपिट भएको थियो । उक्त घटनापछि चिकित्सकहरूले आकस्मिकबाहेकका सेवा बन्द गरी आन्दोलन गर्दै आएका छन् ।

चितवनका चिकित्सक डा. भोजराज अधिकारीले बिरामीलाई सेवा गरेबापत डाक्टरहरूले सजाय पाएको उल्लेख गर्दै सुरक्षाको ग्यारेन्टी नभएसम्म उपचारमा ननिस्कने बताए । 'हामीले बिरामीलाई सेवा गरेबापतको सजाय भएको छ । आज डाक्टर भएकोमा माफी पाउँ भनेर हात जोड्नुपरेको छ । नेपालमा मात्र यस्तो होला । १५ हजार बिरामीमा एक डाक्टरले उपचार गराउनुपर्ने अवस्थामा सरकारले सुरक्षा दिएन । यस्तो अवस्थामा उपचारमा खटिन सक्दैन,' डा. अधिकारीले भने । सातै प्रदेशका चिकित्सकहरू अहिले यो घटनालाई लिएर आन्दोलनमा उत्रिएका छन् ।

### वडाध्यक्ष पक्राउ, ७१ जना चिकित्सकले दिए राजीनामा

नारायणी अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको आक्रमण र तोडफोड प्रकरणमा वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । अस्पतालमा तोडफोडको विषयमा सोधपुछका लागि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यसैबीच, चिकित्सकमाथि भएको कुटपिटको विरोधमा सुरु भएको आन्दोलनका कारण वीरगञ्जका सरकारी तथा निजी अस्पतालमा तीन दिनदेखि आकस्मिकसहित अधिकांश उपचार सेवा प्रभावित बनेको छ । आन्दोलन थप चर्किंदै जाँदा नारायणी अस्पतालका ७१ जना चिकित्सकले मंगलबार सामूहिक राजीनामा दिएका छन् । चिकित्सकहरूले घटनामा संलग्न दोषीमाथि कारबाही, स्वास्थ्यकर्मीको सुरक्षा तथा सुरक्षित कार्य वातावरणको माग गर्दै आन्दोलन जारी राखेका छन् ।

### अस्पतालको सेवा बन्द नगर्न गगनको अपिल

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले आन्दोलनरत चिकित्सक तथा स्वास्थ्यकर्मीका माग सम्बोधन गरी स्वास्थ्य सेवा प्रवाहलाई तत्काल नियमित बनाउन सरकारसँग आग्रह गरेका छन् । थापाले सामाजिक सञ्जालमार्फत नारायणी अस्पतालमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको आक्रमणको निन्दा गर्दै स्वास्थ्य सेवा बन्द नगर्न अपिल गरेका हुन् ।

'स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले यसको संवेदनशीलताको ख्याल राख्दै हजारौं नागरिक र बिरामीको अवस्थालाई ध्यान दिएर सेवा प्रवाह नरोक्न र वार्ता र संवादवाटै समाधान खोज्न आन्दोलनरत नेपाल चिकित्सक संघलगायत सबै चिकित्सक र स्वास्थ्यकर्मीलाई अपिल गर्दछु,' थापाले भनेका छन् । थापाले नेपाल चिकित्सक संघ र स्वास्थ्यकर्मीसँग अविलम्ब संवाद गरी उनीहरूका पेसागत सुरक्षाका मागहरू सम्बोधन गरेर ओपिडीलगायतका अत्यावश्यक सेवाहरू तत्काल सञ्चालन गर्ने वातावरण मिलाउन सरकारले अतिरिक्त पहलकदमी लिनसमेत आग्रह गरेका छन् ।

■■■

# स्वास्थ्य सेवा...

सहप्रवक्ता अधिकारीले स्वास्थ्य सेवा अत्यन्त संवेदनशील, जीवनरक्षक र अत्यावश्यक सेवा हो भन्दै नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारको संरक्षण गर्नु तथा स्वास्थ्यकर्मीले सुरक्षित र सम्मानजनक वातावरणमा सेवा प्रदान गर्न पाउनु स्वास्थयकर्मीको अधिकार र सबै नागरिकको साझा दायित्व रहेको पनि विज्ञप्तिमा उल्लेख गरेका छन् ।

विज्ञप्तिमा उक्त मन्त्रालयको चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा भएका कुटपिट तथा दुर्व्यवहारका घटनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको र दोषीलाई कानुनी दायरामा ल्याइने पनि बताइएको छ ।

■■■

# साउदी आइडी...

संघले दूतावासको 'चेक लिस्ट' र पछिल्लो सहजीकरणअनुसार आवश्यक कागजात तयार गरी आइडी नवीकरण गर्न व्यवसायीलाई आग्रह गरेको छ । विगतमा प्रमाणपत्रको व्यवस्थाका कारण कतिपय कम्पनीले आइडी नवीकरणमा ढिलाइ तथा प्रशासनिक झण्झट बेहोर्नुपरेको गुनासो गर्दै आएका थिए ।

■■■

# लोकतान्त्रिकको...

त्यसपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले असार २२ गते अध्यक्षका प्रत्यासी केसीलाई संस्थाको अध्यक्ष तोकेको थियो । उक्त निर्णय मान्य नहुने भन्दै एसोसिएसनको निर्वाचित कार्यसमिति, पूर्वअध्यक्षलगायतले निर्णय सच्याउन माग गर्दै जिल्ला प्रशासनमा ध्यानाकर्षणपत्र बुझाएको थियो ।

निर्वाचित कार्यसमितिले केसीलाई अध्यक्ष मान्न तयार नभएपछि संस्थाको जिम्मेवारी र निर्वाचनलाई लिएर केसीले असार ३१ गते अन्तरिम आदेश माग गर्दै उच्च अदालतमा रिट दायर गरेका थिए । दायर रिटमा निर्वाचित अध्यक्ष गैरे, प्रथम उपाध्यक्ष सुवर्ण लामा, एसोसिएसनका सल्लाहकार शंकरप्रसाद आचार्य र जिल्ला प्रशासन कार्यालयलाई प्रतिवादी बनाइएको छ ।

रिटमाथि असार ३२ गते भएको सुनुवाइपछि कारण देखाऊ आदेश जारी गरिएको थियो । साउन ८ गतेको बहसमा उच्चले जिल्ला प्रशासनको निर्णय र संस्थाको विधान झिकाउन आदेश दिएको थियो ।

■■■

# कांग्रेस नेता...

श्रेष्ठका तीन छोरा र छ छोरी छन् । स्याङ्जाबाट पटक-पटक संसदीय निर्वाचन जितेका श्रेष्ठले विगतमा भौतिक योजना तथा निर्माण मन्त्री, वन तथा भूसंरक्षणमन्त्री, उद्योग मन्त्री र शिक्षामन्त्रीको जिम्मेवारी सम्हालेका थिए । उनी उपप्रधानमन्त्री पनि बनेका थिए । कांग्रेस संसदीय दलको प्रमुख सचेतकसमेत रहिसकेका श्रेष्ठ तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) का कार्यवाहक सभापतिसमेत बनेका थिए ।

२०१७ सालदेखि विद्यार्थी अवस्थाबाटै प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील श्रेष्ठ २०३६ को जनमत संग्रह, २०४२ को सत्याग्रह, २०४६ को जनआन्दोलन र २०६२-६३ को दोस्रो जनआन्दोलनमा सक्रिय सहभागी थिए । कांग्रेसले उनको निधनमा शोक जारी गर्न आज बिहान ८:३० बजे आकस्मिक केन्द्रीय समिति बैठक राखेको छ । श्रेष्ठको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका आज बिहान ९:०० बजेदेखि ११:०० बजेसम्म पार्टीको केन्द्रीय कार्यालय सानेपामा राखिने कांग्रेसले जनाएको छ । त्यसपश्चात् पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिने कार्यक्रम रहेको छ ।

पार्टी सभापति थापाले श्रेष्ठको निधनले अपुरणीय क्षति पुगेको भन्दै श्रद्धाञ्जली व्यक्त गरेका छन् । 'पार्टी र लोकतान्त्रिक आन्दोलनमा समर्पित उहाँजस्तो समर्पित, निष्ठावान, अनुभवी र निडर नेता गुमाउनु नेपाली कांग्रेस र सिंगो देशकै लागि अपूरणीय क्षति हो,' थापाले भनेका छन्, 'आदरणीय गोपालमान दाइप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली ! साथै, यस कठिन घडीमा शोकसन्तप्त परिवारजन, आफन्तजन तथा शुभेच्छुकहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।'

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले एक विज्ञप्ति जारी गर्दै श्रेष्ठको निधनप्रति गहिरो दुःख व्यक्त गरेका छन् । उनको निधनप्रति राष्ट्रपति रामचन्द्र पौडेलले दुःख व्यक्त गरेका छन् । राष्ट्रपति पौडेलले मुलुकमा लोकतन्त्र स्थापना र पुनःस्थापनाका लागि भएका संघर्षका कठिन दिनहरूमा श्रेष्ठले पुऱ्याएको योगदान सदा स्मरणीय रहने बताए । त्यसैगरी पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले पनि नेता श्रेष्ठको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन् ।


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**
प्रकाशित मितिः २०८३/०४/१३

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Lions International Nepal Pvt. Ltd. (ई.प.नं.३४०/०५९/६०) को साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २६ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Young Manpower Pvt.ltd. (ई.प.नं.१०४७/०७३/७४) मा तपसिलका कर्मचारीहरू कार्यरत रही आएकोमा आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूद्वारा यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Post | Citizenship No. |
|---|---|---|---|
| 1. | Ganga Kumari Bista | Documentation | 751001/10024 |
| 2. | Pratima Rai | Documentation Incharge | 33-02-78-02342 |
| 3. | Manoj Thapa | Liason Officer | 351002/109 |

Govt. License No. 1047/073/74
Young Manpower Pvt.ltd.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Job Seeker Manpower Pvt.Ltd.** (इजाजत नम्बरः १००९/०६८/६९) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S.N. | Name | Citizenship No. | Position |
|---|---|---|---|
| 1 | Sita Bhatta | 44-01-77-01215 | Receptionist |
| 2 | Reshma Shrestha | 27-01-78-03545 | Documentation |
| 3 | Asmita Shrestha | 21-01-72-05511 | Documentation |
| 4 | Sonu Rai | 14-01-75-04275 | Documentation |
| 5 | Proshna Shrestha | 28-01-73-06776 | Accountant |

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम इजाजत नं. १००९/०६८/६९

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Jupiter Overseas Concern Pvt.Ltd.** इजाजत नम्बरः ४७७/६०/६१ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

तपसिल

| क्र.स | नाम थर | ठेगाना | नागरिकता नं | पद |
|---|---|---|---|---|
| १ | कुमारि गुरुङ | बौद -०६ काठमाडौं | १२९३२ KA | लेखापाल |
| २ | पार्वती ढकाल | सनिस्चरे -०६ मोरंङ | १००८/९०५ | अफिस असिस्टेन्ट |
| ३ | सुनिल अधिकारि | खोक्लिंग -०२ ताप्लेजुङ | ५४९३३/३१ | डकुमेन्टेसन |
| ४ | कमल बास्कोटा | तोपगाछी - ०९ झापा | ०४९०२९७२९०२८९१ | डकुमेन्टेसन |
| ५ | गंगा बहादुर अधिकारि | बाह्रबिसे -०८ संखुवासभा | १०१००५/१६६ | डकुमेन्टेसन |
| ६ | बबिता थापा | इटहरी -०५ सुनसरी | ११६४५५ | रिसेप्सनिस्ट |
| ७ | चुल प्रसाद श्रेष्ठ | पोखरा - ०७ कास्की | २१५९ | मार्केटिङ मेनेजर |
| ८ | धन कुमारी श्रेष्ठ | दुलेगौडा - ०८ तनहु | १८७ | डकुमेन्टेसन |
| ९ | चहक मान थापा | खोलिंग -०३ ताप्लेजुङ | ३०४३.३०६२ | डकुमेन्टेसन |
| १० | मनिषा बिस्ट | श्रीपुर -०४ कैलाली | ७६९१८९७०.००५१४ | रिसेप्सनिस्ट |
| ११ | समिप लिम्बु | नाल्बू -०६ ताप्लेजुङ | ०१९०१९७२९००२१६ | डकुमेन्टेसन |
| १२ | रबि बिस्ट | पनौती - १३ काभ्रे | ३०९०१७०९०८९१० | श्रम प्रतिनिधि |
| १३ | कुन्ती पाण्डे | पखानीपुर- ०४ सर्लाही | १९९०२९७७९०३६ | रिसेप्सनिस्ट |
| १४ | शिब लिम्बु | नाल्बू - ०६ ताप्लेजुङ | ०११०१३/२१९ | श्रम प्रतिनिधि |
| १५ | शिब कुमार लिम्बु | नाल्बू - ०६ ताप्लेजुङ | २००६२/२१३३ | अपरेसन मेनेजर |
| १६ | छिरिंङ्ग डोल्मा शेर्पा | सोतानंग ०१ सोलुखुम्बु | ११९०१९७५९०१२४४ | रिसेप्सनिस्ट |
| १७ | सुबास सापकोटा | साखुपाती चौर ०६ काभ्रे | ३०९०१९०६६९३७८२ | एडमिन मेनेजर |
| १८ | दुर्गा प्रसाद थापा | खोक्लिंग ०३ ताप्लेजुङ | ४७६३५२३)५७ | मार्केटिङ मेनेजर |

Govt. License 477/60/61
Jupiter Overseas Concern Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal. Tel : +977-1-4562605, 4564178 Fax : +977-1-4462594
E-mail:info@jupiteremployment.com Web:www.jupiteremployment.com


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १३ साउन, २०८३

**मेष** यात्रा वा नयाँ योजना बन्न सक्छ । निर्णय गर्दा हतार नगरी सोचविचार गरेर अघि बढ्नु उचित हुनेछ ।

**वृष** चुनौती आए पनि धैर्यले सफलता दिलाउनेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनु राम्रो हुन्छ ।

**मिथुन** साझेदारीका काममा सफलता मिल्ने योग छ । पारिवारिक वातावरण सुखद रहनेछ ।

**कर्कट** मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । स्वास्थ्यमा सामान्य थकान, आरामलाई पनि समय दिनुहोस ।

**सिंह** सृजनात्मक कार्यमा सफलता मिल्नेछ । विद्याथी र अध्ययन-अनुसन्धानका लागि दिन राम्रो रहनेछ ।

**कन्या** घर-परिवारमा खुसीको वातावरण रहनेछ । सम्पत्ति, घर वा पारिवारिक निर्णयमा सकारात्मक प्रगति हुन सक्छ ।

**तुला** आत्मविश्वास बढ्ने दिन छ । नयाँ कामको सुरुवात वा पुराना योजना अघि बढाउन अनुकूल समय रहनेछ ।

**वृश्चिक** आर्थिक पक्षमा सुधारको संकेत छ । परिवारसँगको सम्बन्ध सुमधुर, खर्चमा संयम अपनाउनु राम्रो हुन्छ ।

**धनु** बौद्धिक क्षमता र संवाद कौशलले सफलता दिलाउन सक्छ । साना विवादबाट टाढा रहनु हितकर हुनेछ ।

**मकर** काममा धैर्य अपनाए राम्रो परिणाम प्राप्त हुनेछ । स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुहोस् ।

**कुम्भ** मान-सम्मान बढ्ने सम्भावना छ । मित्र तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ ।

**मीन** अधुरा काम पूरा हुने सम्भावना छ । व्यवसाय तथा रोजगारीमा सकारात्मक अवसर प्राप्त हुन सक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ साउन, २०८३ (२९ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.१६ | १५३.७६ |
| युरो | १ को | १७४.६० | १७५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२५ | २०५.०५ |
| स्विस फ्रैन्क | १ को | १८८.०१ | १८८.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०७.२७ | १०७.६९ |
| क्यानाडियन डलर | १ को | १०८.५९ | १०९.०१ |
| सिङगापुर डलर | १ को | ११८.७५ | ११९.२२ |
| जापानी येन | १० को | ९.३७ | ९.४० |
| चिनियाँ युआन | १ को | २२.६४ | २२.७३ |
| साउदी अरब रियाल | १ को | ४०.८० | ४०.९६ |
| कतारी रियाल | १ को | ४२.०१ | ४२.१८ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.७० | ४१.८७ |
| मलेसियन रिङेट | १ को | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४३ | १०.४७ |
| स्विडिस क्रोनर | १ को | १५.८२ | १५.८८ |
| डेनिस क्रोनर | १ को | २३.३६ | २३.४५ |
| हङकङ डलर | १ को | १९.५३ | १९.६१ |
| कुवेती दिनार | १ को | ४९७.६० | ४९९.५५ |
| बहराइन दिनार | १ को | ४०६.२१ | ४०७.८० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## दोषीलाई कारबाही गर, बिरामीलाई बन्धक नबनाऊ

**वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचारका क्रममा बिरामीको निधन भएपछि उत्पन्न परिस्थिति, त्यसपछिको तोडफोड र ड्युटीमा खटिएका चिकित्सक डा. प्रमोद राममाथि भएको कुटपिट अत्यन्तै निन्दनीय र भर्त्सनायोग्य छ । सेवामा खटिएका स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण हुनु र अस्पतालजस्तो संवेदनशील थलो रणमैदानमा परिणत हुनु कुनै पनि सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन । यो घटनापछि आक्रोशित बनेका चिकित्सकहरूले देशभर आकस्मिकबाहेकका सबै सेवा ठप्प पार्नु र सामूहिक राजीनामासम्मको कदम चाल्नुले नेपालको स्वास्थ्य क्षेत्र कति धेरै असुरक्षित र अस्तव्यस्त छ भन्ने भयावह चित्र छर्लंग पारेको छ ।**

**चिकित्सकहरूमाथि हुने निरन्तरका आक्रमण र दुर्व्यवहारका पछाडि राज्यको कमजोर सुरक्षा संयन्त्र मुख्य जिम्मेवार छ । बिरामीको ज्यान जोगाउन दिनरात खट्ने स्वास्थ्यकर्मीले कार्यस्थलमै कुटिनुपर्ने र अस्पताल तोडफोड हुने अवस्था आउनु राज्यका लागि लज्जास्पद विषय हो । चिकित्सकहरूले उठाएको सुरक्षाको ग्यारेन्टी, दोषीमाथि कडा कानुनी कारबाही र सुरक्षित कार्य वातावरणको माग पूर्णतः जायज छन् । सरकारले 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन' लाई कडाइका साथ कार्यान्वयन गर्दै नारायणी अस्पताल घटनाका दोषीहरू (चाहे ती सर्वसाधारण हुन् या जनप्रतिनिधि) उनीहरूलाई विनाकुनै दबाब र पक्षपात कडाभन्दा कडा सजाय दिलाउनैपर्छ । जबसम्म दोषीले कानुनी सजाय पाउँदैनन् र डाक्टरहरूले निर्धक्क भएर काम गर्ने वातावरण बन्दैन, तबसम्म यस्ता घटना दोहोरिइरहन्छन् ।**

**तर, आफ्ना माग पूरा गराउने नाममा नेपाल चिकित्सक संघले देशभरका अस्पतालमा बहिरंग (ओपिडी) सेवा ठप्प पार्ने जुन निर्णय गरेको छ, त्यो भने सर्वथा अनुचित र पीडादायी छ । पोखरा, चितवन, काठमाडौंलगायत मुलुकभरका दूरदराजबाट ऋणकाढी, दुःख कष्ट सहेर अस्पताल पुगेका हजारौं गरिब तथा सर्वसाधारण बिरामीहरू उपचार नपाई रित्तो हात फर्किन बाध्य भएका छन् । चिकित्सक वर्ग समाजको सबैभन्दा बौद्धिक, सम्मानित र मानवीय सेवामा समर्पित वर्ग हो । चिकित्सकहरूको पेसा केवल रोजगारीमात्र नभई मानवीय संवेदना र जीवनरक्षासँग जोडिएको पवित्र दायित्व हो । दोषीको सजाय निर्दोष बिरामीले पाउनु कुनै पनि दृष्टिकोणबाट न्यायसम्मत हुन सक्दैन । आन्दोलनका कारण कसैको अकालमा ज्यान जाने स्थिति आयो भने त्यसको नैतिक जिम्मेवारी कसले लिने ?**

**तसर्थ, चिकित्सकहरूले आफ्ना पेसागत मर्यादा र मानवीय संवेदनशीलतालाई हृदयंगम गर्दै अविलम्ब आफ्ना आन्दोलनका कार्यक्रम फिर्ता लिनुपर्छ । ओपिडीजस्ता अत्यावश्यक सेवा रोकेर बिरामीलाई बन्धक बनाउनुको साटो विरोधका अन्य शान्तिपूर्ण र वैचारिक विकल्पहरू अपनाउनु बुद्धिमत्ता हुन्छ । अर्कोतर्फ, सरकार केवल विज्ञप्ति जारी गरेर वा औपचारिक अपिल गरेर आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । सरकारले तत्काल आन्दोलनरत चिकित्सक संघलाई वार्तामा बोलाएर ठोस सहमति जुटाउनुपर्छ । नारायणी अस्पतालमा ७१ जना चिकित्सकले दिएको सामूहिक राजीनामा र देशभर ठप्प भएको स्वास्थ्य सेवालाई सामान्य बनाउन सरकारले अतिरिक्त पहलकदमी लिनु अनिवार्य भइसकेको छ ।**

**स्वास्थ्य सेवाजस्तो जीवनसँग जोडिएको विषयमा कसैको पनि हठ वा बेवास्ता सह्य हुन सक्दैन । सरकारले चिकित्सकहरूलाई २४ सै घण्टा पूर्णसुरक्षाको अनुभूति दिलाउने ठोस प्रतिबद्धता र कानुनी कारबाहीको सुनिश्चितता गरोस्, अनि चिकित्सकहरूले पनि मानवीयताको उच्च धर्म निभाउँदै आफ्ना सेतो कोटको गरिमा कायम राखून् र तत्काल अस्पतालका सम्पूर्ण सेवा सञ्चालन गरून् । स्वास्थ्य क्षेत्रको यो गतिरोध अन्त्य गर्ने एकमात्र बाटो यही हो ।**

### श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।

# न्यायिक विश्वसनीयतामा गम्भीर प्रश्न



❑ मोहनकुमार दाहाल

> नेपालको न्यायपालिका संकटमा छ । यो संकट बाहिरी दबाबको होइन, आन्तरिक कमजोरीको हो । नेपालको न्यायपालिकाले आफ्नो विश्वसनीयता पुनःस्थापित गर्न ठूला भ्रष्टाचार प्रकरणहरूमा गम्भीरता अपनाउनुको विकल्प छैन । न्यायको आत्मा पुनर्जीवित गर्नु नै अदालतको चिरस्थायी कर्तव्य हो । जनताको विश्वास जित्नु नै न्यायपालिकाको वास्तविक सफलता हो । अरु सबै त कानुनको औपचारिकतामात्र हो ।

नेपालको न्यायपालिका, जुन संविधानले कानुनको शासन र न्यायको ग्यारेन्टरको रूपमा परिकल्पना गरेको छ, पछिल्लो समय आफ्नै निर्णय र प्रक्रियाका कारण गम्भीर प्रश्नको घेरामा आइपरेको छ । कानुनको पुस्तक पढेर न्यायिक पीठमा बस्नेहरूले गरेका निर्णयले सामान्य नागरिकलाई आश्चर्यमा पार्ने गरेका छन् । अर्बौंको भ्रष्टाचारको आरोप लागेका व्यक्तिहरूलाई न्यूनतम धरौटीमा छाड्ने प्रवृत्ति, जबकि सर्वोच्च अदालतले आर्थिक अपराधलाई 'छुट्टै वर्ग' मान्दै गम्भीरतापूर्वक हेर्नुपर्ने निर्देशन दिइसकेको छ, न्यायप्रति जनविश्वासलाई गम्भीररूपमा आघात पुऱ्याउने काम भएको छ । विशेषगरी, भ्रष्टाचारका मुद्दाहरूमा धरौटीको रकम र न्यायिक प्रक्रियाले सत्ता र पैसाको प्रभावलाई उजागर गरेको छ, जसले न्यायपालिका पनि राजनीतिक दलहरूको 'झोला' बन्दै गएको आरोपलाई बल पुऱ्याएको छ ।

अर्बौंको भ्रष्टाचारको आरोप लागेका व्यक्तिलाई अदालतले २० हजार रूपैयाँ धरौटीमा छाड्छ । उस्तै परे निर्दोष पनि भन्न भ्याउँछ । यो अवस्थाले न्यायपालिकाप्रति जनताको विश्वास गम्भीररूपमा आघात पुगेको छ । हालैका केही चर्चित मुद्दाहरूले यस विकृतिलाई स्पष्ट पारेका छन् । व्यवसायी दीपक भट्ट र सुलभ अग्रवालको मामला यसको ज्वलन्त उदाहरण हो । दुवै जना अहिले अर्बौं रूपैयाँको सम्पत्ति शुद्धीकरण मुद्दामा थुनामा छन् । विशेष अदालतले उनीहरूलाई थुनामा पठाउँदै भट्टबाट २६.६३ अर्ब र अग्रवालबाट २५.५९ अर्ब रूपैयाँ बिगो माग गरेको छ । तर, यति ठूलो रकमको अपचलनको आरोपमा पनि काठमाडौं जिल्ला अदालतले उनीहरूलाई बिमा तथा धितोपत्रसम्बन्धी मुद्दामा धरौटीमा छाड्ने आदेश दियो । अदालतले सुलभ अग्रवाललाई दुई करोड र भट्टलाई एक करोड ५० लाख रूपैयाँ धरौटी तोक्यो । अर्को मुद्दामा अग्रवालले थप दुई करोड ३० लाख रूपैयाँ धरौटी बुझाउनुपर्ने आदेश पनि भयो । अर्थात्, अर्बौंको आरोपमा चार करोड ३० लाख रूपैयाँको धरौटीमा छुट्ने अवस्था सिर्जना भयो । यद्यपि, अर्को मुद्दामा थुनामै रहेकाले उनीहरू धरौटी तिरे पनि रिहा भइसकेका छैनन् । यसले अदालतको दोहोरो मापदण्डलाई उजागर गर्छ- एउटा मुद्दामा थुनामा पठाउने, अर्कोमा उस्तै आरोपितलाई करोडौं धरौटीमा छाड्ने ।

नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको मामला पनि त्यत्तिकै चर्चित र विवादास्पद छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उनलाई २०८३ असार ८ गते सुर्खेतबाट पक्राउ गरेको थियो । उनी सेयर कारोबार र सम्पत्तिको शंकास्पद स्रोतको अनुसन्धानको सिलसिलामा पक्राउ परेका थिए । विशेष अदालतले उनलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा सात दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो, र पछि थप तीन दिन हिरासतमा राख्न अनुमति दिइयो । न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले पौडेललाई थप तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो । तर, यस मामलाको सबैभन्दा विवादास्पद पक्ष के हो भने २० करोड ९० लाख रूपैयाँको दाबी भएको मामलामा विशेष अदालतले साधारण तारेखमा छोड्ने आदेश किन दियो ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद गोविन्द पन्थीले आफ्नो सामाजिक सञ्जालमा यो प्रश्न उठाउँदै भनेका छन्- यदि उनीहरूको आरोपलाई पुष्टि गर्न पर्याप्त प्रमाण थिएन भने, अनुसन्धानलाई अभियोजनसम्म किन लगियो ? र, यदि अभियोजन बलियो प्रमाणका आधारमा गरिएको थियो भने, अदालतले साधारण तारेखमा छोड्ने आदेश किन दियो ?

विशेष अदालतले साउन १ गते पूर्वअर्थमन्त्री पौडेललाई धरौटीविनै साधारण तारेखमा छाड्ने आदेश दियो । न्यायाधीशहरू नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको संयुक्त इजलासले यो आदेश दिएको हो । अदालतको तर्क थियो- 'हाल उपलब्ध प्रमाणहरूले पौडेललाई थुनामा राख्ने वा धरौटी माग्ने आधार नदेखिएको ।'

न्यायाधीशहरूले पौडेलले आरोपहरू निरन्तर अस्वीकार गरेको, आरोपमा संलग्न कम्पनीका सञ्चालकहरूले पौडेलको संलग्नता पुष्टि गर्न नसकेको, र मुख्य प्रतिवादी भट्टले पनि पौडेलको संलग्नता नबताएको उल्लेख गरे । अदालतले पौडेलको बैंक खातामा ६३.४ लाख रूपैयाँमात्र रोक्का भएको, र यो रकममात्र आरोपसँग जोड्न नपुग्ने ठहर गऱ्यो । अदालतले पौडेललाई साधारण तारेखमा छाड्ने आदेश दिएको हो, तर यसले मुद्दाको अन्त्य भने नभएको स्पष्ट पारेको छ- अबको सुनुवाइ साउन २८ गतेका लागि तोकिएको छ । यस निर्णयले के प्रश्न उठाउँछ भने- २० करोड ९० लाख रूपैयाँको दाबी भएको सम्पत्ति शुद्धीकरण मुद्दामा अदालतले 'प्रमाण नपुगेको' भन्दै साधारण तारेखमा छोड्ने आदेश दिनुले न्यायिक प्रक्रियाको गाम्भीर्यलाई नै प्रश्नमा राखेको छ । यदि अनुसन्धान नै कमजोर थियो भने, पक्राउ र थुनुवा किन भयो ? यदि मुद्दा बलियो थियो भने धरौटीविनै रिहाइ किन ?

पूर्वगृहमन्त्री रवि लामिछानेको सहकारी ठगी मुद्दा पनि उल्लेखनीय छ । उनी उपप्रधान एवं गृहमन्त्री भइसकेका व्यक्ति हुन् । तर, सहकारीको बचत अपचलन गरेको आरोपमा उनलाई एक करोड रूपैयाँ धरौटीमा जिल्ला अदालतले रिहा गरेपछि उच्च अदालत र सर्वोच्च अदालतले थुनामा पठाउने आदेश दियो । अदालतको तर्क थियो, 'तुरुन्तै उपलब्ध प्रमाणका आधारमा प्रतिवादी निर्दोष भन्ने विश्वास गर्नु उचित नहुने ।' यसले पनि एउटा सर्वसाधारणले २० हजार ऋण नतिरेको आरोपमा थुनामा बस्नुपर्ने, तर करोडौंको अपचलन गर्नेहरू धरौटीमा छुट्ने विकृत चित्र प्रस्तुत गर्छ ।

सर्वोच्च अदालतले आर्थिक अपराधलाई 'छुट्टै वर्ग' मा राखेर हेर्न निर्देशन दिए पनि व्यवहारमा 'गरिबको २० हजार ऋणले थुनामा, अर्बपतिको अर्बौं अपचलन धरौटीमा' जस्तो स्थिति छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख दीप बस्न्यात पनि ६८ वर्षे उमेर र स्वास्थ्य अवस्था देखाएर पाँच लाख रूपैयाँ धरौटीमा छुटे । जबकि, आमनागरिकको सानो मुद्दामा पनि प्रायः धरौटीको रकम असुल्न नसकिने अवस्था छ । यो न्यायको असमानताले न्यायपालिकाप्रति जनताको विश्वास गुमिरहेको छ । कानुनमा स्नातक र स्नातकोत्तर गरेर, लोकसेवा आयोगको कठिन परीक्षा पार गरेर न्यायिक पीठमा बस्नेहरूले आफ्नो निर्णयको दूरगामी प्रभाव बुझ्नुपर्छ । उनीहरूले कानुनको व्याख्यामात्र होइन, समाजको न्यायिक चेतना र अपेक्षालाई पनि ध्यान दिनुपर्छ । 'कालो कोट'को मर्यादा र पवित्रता जोगाउन अदालतहरू आफैं गम्भीर बन्नुपर्छ, अन्यथा न्यायिक विश्वसनीयताको प्रश्न चिरस्थायी बन्ने छ ।

न्यायपालिकाको सुधारका लागि पहिलो, धरौटी निर्धारणमा एकरूपता हुनुपर्छ । अर्बौंको अपचलनको आरोपमा कसैलाई २० हजार धरौटी, कसैलाई दुई करोड- यो असमानताको अन्त्य हुनुपर्छ । आर्थिक अपराधको गाम्भीर्यअनुसार न्यूनतम धरौटीको मापदण्ड तय गर्नुपर्छ । दोस्रो, प्रमाणको आधारमा मुद्दाको पूर्वपरीक्षण हुनुपर्छ । कुन मुद्दा अनुसन्धानयोग्य हो, कुन होइन, यसको स्पष्ट मापदण्ड हुनुपर्छ । अनुसन्धान नै कमजोर छ भने पक्राउ र थुना किन ? बलियो प्रमाण भएमात्र अभियोजन अघि बढाउनुपर्छ ।

तेस्रो, न्यायाधीशको जवाफदेहिता । न्यायाधीशहरू आफ्ना निर्णयप्रति जवाफदेही हुनुपर्छ । उनीहरूका निर्णयको सार्वजनिक समीक्षाको व्यवस्था हुनुपर्छ, ताकि मनोमानी निर्णयलाई निरुत्साहित गर्न सकियोस् । चौथो, न्यायिक प्रक्रियामा पारदर्शिता । धरौटीको रकम तोक्ने आधार, थुनुवाको आवश्यकता, र रिहाइको तर्क- यी सबै जनताका लागि पारदर्शी हुनुपर्छ । कालो कोटको पर्दाभित्र के भइरहेको छ, त्यो देख्न पाउनु जनताको अधिकार हो ।

नेपालको न्यायपालिका संकटमा छ । यो संकट बाहिरी दबाबको होइन, आन्तरिक कमजोरीको हो । नेपालको न्यायपालिकाले आफ्नो विश्वसनीयता पुनःस्थापित गर्न ठूला भ्रष्टाचार प्रकरणहरूमा गम्भीरता अपनाउनुको विकल्प छैन । न्यायको आत्मा पुनर्जीवित गर्नु नै अदालतको चिरस्थायी कर्तव्य हो । जनताको विश्वास जित्नु नै न्यायपालिकाको वास्तविक सफलता हो । अरू सबै त कानुनको औपचारिकतामात्र हो ।




### पाठक मञ्च

## सुरूङ युगको सुखद सुरूआत

नागढुंगा-सिस्नेखोला सुरुङमार्गको भव्य उद्घाटन भई मुलुक औपचारिकरूपमा 'सुरुङ युग'मा प्रवेश गरेको सुखद समाचार पढ्न पाउँदा एउटा नागरिकका नाताले मलाई अत्यन्त खुसी र गर्वको अनुभूति भएको छ । काठमाडौं उपत्यकाको मुख्य पश्चिमी प्रवेशद्वारका रूपमा रहेको नागढुंगा-नौबिसे सडकखण्ड दशकौंदेखि यात्रुहरूका लागि ज्यादै कष्टकर र जोखिमपूर्ण रहँदै आएको थियो । अव्यवस्थित ट्राफिक जाम, पहिरोको जोखिम र घण्टौंसम्म जाममा फस्नुपर्ने बाध्यताका कारण नागढुंगा नाकाले यात्रुहरूलाई सधैं सास्ती दिँदै आएको सर्वविदितै छ । यस्तो पृष्ठभूमिमा दुई हजार ६८८ मिटर लामो देशकै पहिलो आधुनिक सडक सुरुङमार्गको निर्माण सम्पन्न हुनु नेपालको पूर्वाधार विकासको इतिहासमा एउटा ठूलो र रूपान्तरणकारी फड्को हो ।

नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको ऐतिहासिक क्षणमा सम्पन्न भएको यो परियोजनाले दुई देशबीचको दीर्घकालीन मित्रता, आपसी विश्वास र सहकार्यलाई नयाँ उचाइमा पुऱ्याएको छ । जापानी प्रविधि, उच्च सुरक्षा मापदण्ड र ओडिए सहयोगका साथै नेपाली इञ्जिनियर तथा श्रमिकहरूको अथक परिश्रमबाट निर्मित यो परियोजनाले हाम्रा प्राविधिकहरूलाई सुरुङ निर्माणको ज्ञान र सीप हस्तान्तरण गर्नमासमेत अहम् भूमिका खेलेको छ । यसबाट आगामी दिनमा मुलुकका अन्य भागमा पनि यस्ता जटिल पूर्वाधार निर्माण गर्न हाम्रै जनशक्ति सक्षम हुने विश्वास पलाएको छ ।

आयोजना सुरु भएपछि विभिन्न प्राविधिक जटिलता, कोभिड-१९ महामारी र स्थानीय तहका अवरोधका कारण निर्माण अवधि केही पछि धकेलिए पनि अन्ततः यो आयोजना पूरा हुनु समग्र मुलुककै लागि राहतको विषय हो । आयोजनाको उद्घाटनसँगै सुरु भएको तीन महिनाको परीक्षणकाल र अत्यावश्यक सेवाका सवारीसाधनलाई मात्र प्राथमिकता दिने निर्णय निकै व्यावहारिक देखिन्छ । परीक्षणकालले सुरुङभित्रको प्राविधिक पक्ष, हावाको आवतजावत (भेन्टिलेसन), प्रकाश व्यवस्था र सुरक्षा प्रणालीको सूक्ष्म अध्ययन गर्न मद्दत पुऱ्याउने छ ।

साथै, सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सवारीसाधनको प्रकृतिअनुसार निर्धारण गरेको प्रवेश शुल्कले सुरुङमार्गको नियमित मर्मतसम्भार र सञ्चालन खर्च धान्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । तर, यो शुल्क साधारण यात्रु र साना व्यवसायीका लागि धेरै भारी नहोस् भन्नेतर्फ पनि राज्यको ध्यान जानु आवश्यक छ । सुरक्षाका दृष्टिकोणले दुई पांग्रे सवारी र पैदलयात्रीलाई प्रवेश निषेध गरिनु जायज भएता पनि उनीहरूका लागि पुरानो सडकखण्डलाई उत्तिकै सुरक्षित र सहज बनाइराख्नु सरकारको दायित्व हो ।

कुनै पनि ठूला र आधुनिक पूर्वाधारको निर्माण गर्नु जति चुनौतीपूर्ण हुन्छ, त्यसको दीर्घकालीन, सुरक्षित र व्यवस्थित सञ्चालन तथा मर्मतसम्भार गर्नु त्योभन्दा बढी चुनौतीपूर्ण हुन्छ । हाम्रा अघिल्ला अनुभवहरू हेर्दा ठूला संरचना बनिसकेपछि मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएका अनेकौं उदाहरणहरू छन् । त्यसैले जापानी पक्षसँगको सहकार्यमा सुरुङ योजना, निर्माण, सञ्चालन तथा मर्मतसम्भारसम्बन्धी सुरु गरिएको नयाँ प्राविधिक सहयोग परियोजनालाई नेपालले पूर्ण क्षमताका साथ उपयोग गर्नुपर्छ ।

अन्त्यमा, सुरुङ सञ्चालनसँगै काठमाडौं-नौबिसे सडकखण्डमा यात्राको समय उल्लेख्यरूपमा घट्ने, इन्धनको बचत हुने, गाडीहरूको मर्मत खर्च कम हुने र समग्र देशको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने निश्चित छ । यो ऐतिहासिक आयोजना सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याउने नेपाल सरकार, जापान सरकार, जाइका, प्राविधिकहरू तथा अहोरात्र खट्ने सम्पूर्ण श्रमिकहरू धन्यवादका पात्र हुन् । आशा छ, नागढुंगा सुरुङमार्गको सफलताले नेपालमा अन्य सुरुङमार्ग तथा आधुनिक पूर्वाधार निर्माणका लागि ठूलो ढोका खोल्ने छ ।

**- रमेश कोइराला**
गोठाटार, काठमाडौं

रूपशाला

### साइग्रेसको मुख्य भूमिकामा 'फलानो ढिस्कानो' बन्ने


फिल्म 'फलानो ढिस्कानो' निर्माण हुने भएको छ । मंगलबार राजधानीमा आयोजित एक कार्यक्रमबिच फिल्म घोषणा गरिएको हो । कार्यक्रममा निर्माण युनिटले दुई पोस्टर सार्वजनिक गर्दै फिल्म घोषणा गरेको हो । द्रव्य प्रोडक्सनको ब्यानरमा बन्ने फिल्मको पोस्टरमा कथावाचकका रूपमा चर्चामा रहेका साइग्रेस पोखरेल प्रमुख पात्रका रूपमा देखिएका छन् । कार्यक्रममा साइग्रेसले भने, 'आ बाट आमा खेल्छु त्यसपछि खेल्दिनँ भन्ने थियो, तर यो नशा रैछ ।' त्यसैले यो फिल्मको कथा मन परेको कारण अभिनय गर्न लागेको उनले बताए । फिल्ममा अन्य कलाकारहरूको नाम भने सार्वजनिक गरिएको छैन । निर्माण टिमले विस्तारै अन्य कलाकार तथा प्राविधिकबारे जानकारी दिने बताएको छ । फिल्मलाई राजकुमारले निर्देशन गर्न लागेको हुन् । फिल्म दसैंपछि छायांकनमा जानेछन् ।






# सौरभको निर्देशनमा 'द राइज अफ साम्राज्य' बनाउने घोषणा






■ प्रभाव संवाददाता

**काठमाडौं–** डार्क हर्स इन्टरटेन्मेन्टको प्रस्तुति रहने नयाँ चलचित्र 'द राइज अफ साम्राज्य'को घोषणा गरिएको छ ।

चलचित्रको निर्माण पक्षले सोमबार थिम पोस्टर सार्वजनिक गर्दै टाइटल अनाउन्समेन्ट गरेको हो । सेलिब्रेटी लेखक बुद्धिसागरको लेखन रहेको चलचित्र 'साम्राज्य'लाई सौरभ चौधरीले निर्देशन गर्ने भएका छन् । यो चलचित्रको निर्मातामा प्रवेश चौधरी र निला देव रहेका छन् । को-प्रोडुसरमा विश्वास बस्नेत (बेन) र कार्यकारी निर्मातामा शंकर पाण्डे छन् ।

चलचित्रको भव्यतासहित यसको विषयवस्तुबारे केही संकेत गर्दै सौरभले थिम र टाइटल अनाउन्समेन्ट गरेका हुन् ।

यो थिम पोस्टरमा आगोको लप्कासँगै घोडामा सवार मानिसहरू र पुराना तथा राजसी कालखण्डका व्यक्ति देखिएका छन् । पोस्टरले द्वन्द्वको संकेत गरेको छ । विद्रोहीको सेल्टरमा आगो लगाएको जस्तो देखिन्छ । तर, यकिन छैन ।

पोस्टरको माथिल्लो र बायाँ भागमा उडिरहेको रातो कपडा वा झण्डाले क्रान्ति वा रगतको संकेत गरेको छ । त्यस्तै, पृष्ठभूमिमा केही व्यक्तिहरूले रामलीला नाटक देखाइरहेको धमिलो रूपमा देखिन्छ, जसले यो चलचित्र कुनै कालखण्ड वा रोचक कथामा आधारित रहेको बुझाउँछ ।

यो चलचित्र एक्सन ड्रामा जनराभित्र रहने बताइएको छ । पछिल्लो समय एक्सन र मेकिङमा निकै प्रशंसा पाएका सौरभले यसपटक झन् ठूलो क्यानभासमा काम गर्न लागेको बुझिएको छ । कार्यकारी निर्माता शंकर पाण्डेले 'द राइज अफ साम्राज्य' नेपाली सिनेमा उद्योगकै ठूलो स्केलको 'एपिक एक्सन ड्रामा' चलचित्र हुने बताए । 'यो सिनेमा लाइनअप र मेकिङको हिसाबले नेपाली चलचित्र उद्योगकै अहिलेसम्मको बिग स्केलको सिनेमा हुनेछ,' उनले भने ।

निर्माण पक्षले सिनेमाको निर्देशक, लेखक, निर्माता र डिओपी सार्वजनिक गरे पनि कलाकार भने सार्वजनिक गरेका छैनन् । केही दिनमा कलाकारको लाइनअप सार्वजनिक गर्ने बताइएको छ ।

भदौ पहिलो साताबाट छायांकन सुरुवात गरिने चलचित्रको अधिकांश सुटिङ पूर्वी नेपालमा हुने र ७० दिनको सुटिङ सेड्युल रहने निर्माण टिमले जानकारी गराएको छ ।

चलचित्रको रिलिज डेटबारे सौरभले हतार नगर्ने बताएका छन् । उनले भने, 'अहिलेलाई हामीले थिम र टाइटल अनाउन्समेन्ट गरेका छौं, पूर्ण रूपमा छायाकंन सकिएसँगै पोस्टको कामलाई मध्यनजर गर्दै प्रदर्शन मिति तय गर्ने सोच हो । पहिला एउटा लाइन अप तयार होस्, त्यसपछि रिलिज डेटबारे सोचौला नि ।'

मानकृष्ण महर्जनको डीओपी रहने यो चलचित्रको एक्सन डिरेक्टरमा श्री श्रेष्ठ छन् । डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ भने पब्लिसिटी पार्टनरमा टौवा स्टुडियो छ । यो चलचित्रको वितरकमा डिसीएन रहेको छ ।

यो चलचित्रले नेपाली इतिहासको कुनै विशेष कालखण्डलाई समेट्छ वा काल्पनिक 'साम्राज्य'को कथा भन्छ भन्ने कुरा थाहा पाउन भने समय कुर्नुपर्ने भएको छ । हाललाई भने यो पोस्टरले 'द राइज अफ साम्राज्य'लाई वर्षकै बहुप्रतिक्षित चलचित्रको सूचीमा राख्ने निश्चित भएको छ ।

# १८ वर्षपछि पलैँटीमा मदनकृष्ण

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालयको कालिकास्थानस्थित 'आर'शालामा नियमित आयोजना हुँदै आएको सांगीतिक कार्यक्रम 'पलैँटी'मा यसपालि वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको गायन सुन्न पाइने भएको छ । आगामी अंग्रेजी महिनाको सप्ताहान्तमा हुने यस कार्यक्रममा उनले आफ्ना छोरा एवं गायक यमन श्रेष्ठका साथ प्रस्तुति दिनेछन् । मदनकृष्णले यसअघि १८ वर्ष पहिले पलैँटीको मञ्चमा आफ्नो सांगीतिक प्रस्तुति दिएका थिए ।

कार्यक्रममा मदनकृष्णले आफ्ना पुराना चर्चित गीतहरूका साथै केही नयाँ सिर्जनाहरू पनि प्रस्तुत गर्नेछन् । विशेषगरी हास्यव्यंग्य कलाकारिताका लागि परिचित भए पनि मदनकृष्णको कलाकारिताको यात्रा गायनबाटै सुरु भएको हो । उनले गाएका 'अरबौं मान्छेहरूमा', 'खोलावारि खोलापारि', 'फुलबुट्टे सारी', र 'सयथरी बाजा'जस्ता गीतहरू निकै लोकप्रिय छन् । पछिल्लो चरणमा स्वास्थ्यमा प्रतिकूलताका बाबजुद पनि उनी सांगीतिक र अभिनय क्षेत्रमा उत्तिकै सक्रिय छन् ।

यसपालिको पलैँटीमा मदनकृष्णका साथै उनका छोरा यमन श्रेष्ठको समेत विशेष प्रस्तुति रहनेछ । बुबाकै पथप्रदर्शनमा अभिनय, गायन र संगीतमा अघि बढेका यमन व्यंग्यात्मक तथा गम्भीर दुवै प्रकृतिका गीत गाउन रुचाउँछन् । 'यो मन बदल्न चाहन्न', 'जिन्दगीमा सायद मैले' लगायत गीत गाएका यमन आफ्ना अधिकांश गीतमा आफैँ धुन भर्ने गर्छन् ।

लामो समयपछि पलैँटीमा फर्किंदा खुसी व्यक्त गर्दै मदनकृष्णले भने, '१८ वर्ष पहिले पनि पलैँटीमा गीत गाउँदा खुब रमाइलो भएको थियो । यसपालि त छोरालाई पनि साथमा लिएर आएको छु, झन् रमाइलो हुनेछ भन्ने आशा छ ।' त्यस्तै गायक यमन श्रेष्ठले पनि अभ्यास सत्र निकै रमाइलो भइरहेकाले मुख्य कार्यक्रम अझ उत्कृष्ट हुने बताए । आयोजकका अनुसार यो कार्यक्रम यही जुलाई ३१ तारिख शुक्रबार र अगस्ट १ तारिख शनिबारका दिन सञ्चालन हुनेछ । दर्शकहरूले घरमै बसेर पलैँटीको आधिकारिक वेबसाइटमार्फत लिंक बुक गरी अनलाइन लाइभमार्फत यो कार्यक्रम हेर्न सक्ने व्यवस्था मिलाइएको छ ।



काभा च्याम्पियनसिप

## नेपालको विर्सनलायक प्रदर्शन

# लगातार ६ हारसहित प्रतियोगिता टुंग्यायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले लगातार छैटौं हारका साथ इस्लामावादमा जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) च्याम्पियनसिप २०२६ को दयनीय यात्रालाई अन्त्य गरेको छ ।

मंगलबार सम्पन्न पाँचौं स्थानको प्लेअफमा नेपालले काजकिस्तानसँग सोझो सेटको पराजय बेहोर्‍यो । हारसँगै नेपालले प्रतियोगितामा अन्तिम (छैटौं) स्थान हासिल गर्‍यो । लिग चरणका पाँचवटै खेलमा नेपालले हार बेहोरेको थियो ।

सिंगल राउन्ड रोबिन लिगपछि शीर्ष चार टोली सेमिफाइनलमा प्रवेश गर्ने सेटअप थियो । शीर्ष चार अटाउन नसकेका नेपाल र काजकिस्तानले पाँचौं स्थानको प्लेअफ खेलेका हुन् ।

मंगलबार लियाकत व्यायामशालामा काजकिस्तानले नेपाललाई २५-१८, २७-२५, २५-२० ले पराजित गर्‍यो ।

नेपालले लिग चरणमा बंगलादेश, काजकिस्तान र श्रीलंकासँग ३-२ को हार बेहोरेको थियो । उज्वेकिस्तान र पाकिस्तानले भने नेपाललाई ३-० को सेटमा हराएको थियो ।

## विश्व चिल्ड्रेन बेसबल महोत्सवमा नेपालको सहभागितत

**काठमाडौं (प्रस)–** जापानको नारितामा हुने ३२औं विश्व चिल्ड्रेन बेसबल महोत्सव २०२६ मा सहभागिता जनाउने नेपाली टोलीलाई नेपाल ओलम्पिक कमिटी (एनओसी)ले बिदाइ गरेको छ ।

विश्व बेसबल सफ्टबल महासंघ र विश्व चिल्ड्रेन बेसबल फाउन्डेसनको संयुक्त आयोजनामा यही जुलाई ३० देखि अगस्ट ७ सम्म हुने बेसबल महोत्सवमा प्रतिनिधित्व गर्न लागेको पाँच खेलाडीसहितको ६ सदस्यीय नेपाली टोलीलाई एनओसीले बिदाइ गरेको हो ।

सातदोबाटोस्थित एनओसी भवनमा आयोजित बिदाइ कार्यक्रममा अध्यक्ष जीवनराम श्रेष्ठले सानै उमेर हुनका बावजुद अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिनिधित्व गर्ने अवसर पाएकोमा खेलाडीहरूलाई बधाइ दिए ।

'अन्तर्राष्ट्रिय अनुभव हासिल गर्नुका साथै खेल भावना, अनुशासन र सम्मानसहित प्रतिद्वन्द्वी देशसँग मित्रता बढाएर नेपालको सद्भावना दूत बन्नु होला,' श्रेष्ठले खेलाडीलाई शुभकामना दिने क्रममा भनेका थिए । मुख्य प्रशिक्षक विपिन बज्राचार्यको नेतृत्वमा रहेको टोलीमा अभिनव श्रेष्ठ, भुमिका खड्का, खुशी श्रेष्ठ, संकल्प पौडेल र युएल रोका छन् ।


### बिमालेख हराएको सूचना

मिति २०८३/०४/०२ गते, कलंकी देखि नक्खु सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुंदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रूपा बुढाथोकी(राउत)**
**बिमालेख नं : ११००३०५१४**
**ठेगाना : नक्खु-४, ललितपुर**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१२१८२५५**

### बिमालेख हराएको सूचना

मिति २०८३/०४/०२ गते, कलंकी देखि नक्खु सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुंदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : समराट राउत**
**बिमालेख नं : ११००३०६८१**
**ठेगाना : नक्खु-४, ललितपुर**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१२१८२५५**

### बिमालेख हराएको सूचना

मिति २०८३/०४/०२ गते, कलंकी देखि नक्खु सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुंदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रामकृष्ण राउत**
**बिमालेख नं : ११००३०३५०**
**ठेगाना : नक्खु-४, ललितपुर**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१२१८२५५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०६८/०४/१९ मा दर्ता भएको **प्रा. लि. नं. ८५२४२** को **साइबाबा सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/१२/२७ मा दर्ता भएको **प्रा. लि. नं. ८८३४७** को **उपत्यका सेक्युरिटी सर्भिस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०८/१४ मा दर्ता भएको **प्रा.लि. नं. ३०२८१२** को **न्यानो फुड्स प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०९/१७ मा दर्ता भएको **प्रा.लि. नं. १८०५९१** को **स्टेप अप हस्पिटालिटी म्यानेजमेन्ट प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### साउदीमा रोजगार

कम्पनी : KHALIAT ALKHALIYAH RESTAURANTS SUBSISTENCE SERVICES — शेवा शुल्कः १०,000
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345391 — चलानी नं. ६०२५८८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ४०,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAQA ALJALILAH CAFE FOR BEVETAGES — शेवा शुल्कः १०,000
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345390 — चलानी नं. ६०२५८७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Agent | 4 | 0 | 1200 | ४९,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २० गते (5th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

### साउदीमा रोजगार

कम्पनी : NIMRAN FAHD NIMRAN SHAMIR ALAJMI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345486 — चलानी नं. ६०२५८८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | 1000 | ४०,९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH MUSFER ALI AL-AOUN EQUIPMENT RENTAL ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345579 — चलानी नं. ६०२५८८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 3 | 0 | 2500 | १,०२,४९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २० गते (5th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80
SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

### कतारमा रोजगार

कम्पनी : ATIGA FOR INTERIOR DECORATION
पूर्व स्वीकृति मिति : २०८३/04/१२ — LT. No. 345536 — चलानी नं. ६०२५८८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 1 | 0 | 3000 | १२६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Busin. Executive | 1 | 0 | 3000 | १२६,४८० | | | | | | | |
| 3 | Cleaner Public | 1 | 0 | 1200 | ५०,५९० | | | | | | | |
| 4 | Cleaning Foreman | 1 | 0 | 2500 | १०५,४०० | | | | | | | |
| 5 | Designer (Interior) | 4 | 0 | 3000 | १२६,४८० | | | | | | | |
| 6 | Drivers | 3 | 0 | 2200 | ९२,७५० | | | | | | | |
| 7 | Foreman (Civil) | 1 | 0 | 2500 | १०५,४०० | | | | | | | |
| 8 | General Supervisor | 1 | 0 | 2600 | १०९,६१५ | | | | | | | |
| 9 | Purchase Rep. | 1 | 0 | 3000 | १२६,४८० | | | | | | | |
| 10 | Representative | 2 | 0 | 2600 | १०९,६१५ | | | | | | | |
| 11 | Sandblasters | 1 | 0 | 1500 | ६३,२४० | | | | | | | |
| 12 | Supervisor (Cleaning) | 1 | 0 | 2500 | १०५,४०० | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २० गते (5th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GOLDEN GLOW OVERSEAS PVT. LTD. (Sampaanata Overseas Pvt. Ltd.)
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

### युएइमा रोजगार

कम्पनी : STAR SKYLINE TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345576 — चलानी नं. ६०२५८८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 4 | 0 | 1600 | ६६,९४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREQ AL JANAH TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345575 — चलानी नं. ६०२५८७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant / Helper | 6 | 0 | 1200 | ५०,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI
पूर्व स्वीकृति मिति : २०८३/04/११ — LT. No. 345514 — चलानी नं. ६०२५८७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 150 | 0 | 1200 | ५०,२०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 50 | 0 | 1600 | ६६,९४२ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २० गते (5th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com
श्रम ईजाजत नं. ७०२/०६३/०६४



फ्रान्सको बेला लेज-क्याप-फेरेट बाहिरको जंगलमा लागेको डडेलोले पुऱ्याएको क्षति र हावामा उडिरहेको धुवाँ। *तस्बिरः एएफपी*

# पाकिस्तानमा वर्षाले १०९ जनाको ज्यान लियो



**लाहोर (पाकिस्तान)–** पाकिस्तानमा मनसुनजन्य वर्षा र त्यसपछि आएको आकस्मिक बाढीका कारण पछिल्लो एक महिनामा कम्तीमा १०९ जनाको मृत्यु भएको छ। मौसमविद्ले यसै साता देशका विभिन्न क्षेत्रमा पुनः भारी वर्षा हुने चेतावनी दिएसँगै सरकारले सम्भावित विपद्को तयारीलाई थप तीव्र बनाएको छ।

पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार जुन २६ यता देशभर मनसुनसँग सम्बन्धित घटनामा १०९ जनाले ज्यान गुमाइसकेका छन्। अधिकांशको मृत्यु घर तथा छाना भत्किँदा भएको हो। मृतकमध्ये झण्डै आधा अफगानिस्तानसँग सीमा जोडिएको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तका रहेका छन्।

विपद् व्यवस्थापन प्राधिकरणले बाढीको जोखिम उच्च रहेका क्षेत्रको तयारीबारे समीक्षा गरेको भोलिपल्ट यो अद्यावधिक विवरण सार्वजनिक गरेको हो। अधिकारीहरूले नदी किनारमा बसोबास गर्ने समुदायलाई समयमै पूर्वसूचना उपलब्ध गराई बासिन्दालाई सुरक्षित स्थानमा सार्ने तथा आवश्यक परे बाढी आउनुअघि नै स्थानान्तरण गर्ने योजनामाथि छलफल गरेका छन्।

गत साता पाकिस्तानको सांस्कृतिक राजधानी लाहोरसहित विभिन्न क्षेत्रमा परेको अविरल वर्षापछि धेरै बस्ती जलमग्न भएका थिए। सडकहरू डुबानमा परेपछि सर्वसाधारणले लामो दूरी घुमेर यात्रा गर्नुपरेको थियो। सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्बिरमा मानिसहरू घुँडासम्मको पानी छिचोल्दै आवतजावत गरिरहेको देखिएपछि विपद् व्यवस्थापनमा सरकारको तयारी र प्रतिक्रिया प्रभावकारी नभएको भन्दै आलोचना भएको छ।

अधिकारीहरूले पछिल्ला महिनाहरूमा सन् २०२२ जस्तै विनाशकारी बाढी पुनः दोहोरिन सक्ने जोखिमलाई नकार्न नसकिने चेतावनी दिँदै आएका छन्। सन् २०२२ को भीषण बाढीले पाकिस्तानको करिब एकतिहाइ भूभाग डुबानमा परेको थियो। त्यस विपद्मा एक हजार ७३७ जनाको मृत्यु हुनुका साथै लाखौं मानिस विस्थापित भएका थिए। *रासस/एपी*

# इरान वार्ताप्रति ट्रम्प आशावादी



**तेहरान–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग शान्ति सम्झौताका लागि कूटनीतिक प्रगति हुने 'राम्रो सम्भावना' रहेको बताएका छन्। अमेरिका र इरानले लगातार तेस्रो दिन पनि युद्धविराम कायम राखिरहेका बेला उनले वार्तामार्फत द्वन्द्व अन्त्य हुनसक्ने आशा व्यक्त गरेका हुन्।

इरानमा अमेरिकी आक्रमणका १३ रातपछि र हर्मुज जलघाँटीको नाकाबन्दीलाई लिएर उत्पन्न तनावपछि शुक्रबारदेखि युद्धविराम लागू भएको थियो। ट्रम्पले एयर फोर्स वनमा सञ्चारकर्मीसँग कुरा गर्दै आफूसँग 'धेरै धैर्य' रहेको र आगामी घटनाक्रमले सकारात्मक दिशा लिन सक्ने विश्वास व्यक्त गरेका छन्। उनले नयाँ कूटनीतिक प्रयास असफल भए अमेरिका आवश्यक परे अघिकै सैन्य रणनीतिमा फर्कन सक्ने चेतावनीसमेत दिएका छन्।

यद्यपि, इरानले अमेरिका र आफूबीच प्रत्यक्ष वार्ता भइरहेको दाबी अस्वीकार गरेको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले मध्यस्थकर्तामार्फत अमेरिकी सन्देश प्राप्त हुनसक्ने भए पनि हाल कुनै प्रत्यक्ष वार्तामा सहभागी नरहेको स्पष्ट पारेका छन्। ट्रम्पले भने मिचिगनमा आयोजित कार्यक्रममा इरानले अहिले सम्झौताबारे अमेरिकासँग संवाद गर्न चाहिरहेको दाबी गरेका थिए। ट्रम्पले युद्धका कारण अमेरिकी हतियार भण्डार घटेको भन्ने आशंकालाई पनि अस्वीकार गर्दै अमेरिकासँग पर्याप्त गोलाबारुद र अन्य सैन्य सामग्री रहेको बताएका छन्।

यसैबीच, साउदी अरेबियाको रक्षा मन्त्रालयले इराकस्थित तेल पूर्वाधारलाई लक्षित गरी इरानसँग आबद्ध समूहबाट प्रहार गरिएका केही ड्रोन रोकेको जनाएको छ। घटनाको जिम्मेवारी कुनै समूहले नलिए पनि रियादले बगदादलाई आफ्नो भूमिबाट यस्ता आक्रमण हुन नदिन आग्रह गरेको छ। इराकका प्रधानमन्त्री अली अल-जैदीले घटनाबारे अनुसन्धान गर्न निर्देशन दिएका छन्।

मध्यपूर्वमा शान्ति स्थापनाका लागि मध्यस्थता गर्दै आएको पाकिस्तानले पनि ड्रोन आक्रमणको निन्दा गर्दै यसले क्षेत्रीय शान्ति र स्थिरतामा गम्भीर खतरा उत्पन्न गरेको जनाएको छ। यमनका इरान समर्थित हुथी विद्रोहीले साउदीको तेल पूर्वाधारमा ड्रोन आक्रमण गरेको दाबी गरेका छन्, तर रियादले त्यसबारे औपचारिक प्रतिक्रिया दिएको छैन।

उता, इजरायली सेनाले जोर्डन सीमानजिक दुईवटा ड्रोन खसालेको र ती कहाँबाट प्रक्षेपण गरिएका हुन् भन्ने विषयमा अनुसन्धान भइरहेको जनाएको छ। युद्धविराम कायम भएसँगै सोमबार विश्व सेयर बजारमा सकारात्मक प्रभाव देखिएको छ भने तेलको मूल्य घटेको छ। अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट कच्चा तेलको मूल्य करिब छ प्रतिशतले घटेर प्रतिब्यारेल ८६ अमेरिकी डलरमा झरेको छ। यसलाई खाडी क्षेत्रको ढुवानी तथा ऊर्जा उद्योगका लागि राहतका रूपमा हेरिएको छ।

यद्यपि, हर्मुज जलघाँटीको नियन्त्रण अझै पनि शान्ति प्रक्रियाको प्रमुख विवादका रूपमा रहेको छ। इरानले उक्त सामुद्रिक मार्गको व्यवस्थापन आफ्नो अधिकारभित्र पर्ने अडान दोहोऱ्याएको छ भने रिभोलुसनरी गार्डस्ले निर्धारित मार्गबाहिर चलेको आरोप लगाउँदै केही जहाज रोकेको जनाएको छ।

इरानले ओमानसँग समुद्री मार्ग सुरक्षित बनाउन साझा कार्यविधिबारे छलफल भएको जानकारी दिएको छ। तर बाकाईले उक्त वार्तामा अमेरिका संलग्न नरहेको स्पष्ट पार्दै वासिङ्टनको व्यवहारलाई 'कुनै नियम वा कानुन नमान्ने माफिया गिरोहजस्तै' भएको आरोप लगाएका छन्। *रासस/एएफपी*

## अमेरिकासँग सहमति असम्भवः इरान

**तेहरान–** इरानको संसद्का उपसभामुख हमिदरेजा हाजी बाबाईले इरान अमेरिकासँग कहिल्यै समझदारीमा पुग्न नसक्ने बताउँदै रणनीतिक हर्मुज जलघाँटीलाई इरानको 'शक्तिको शिखर' भएको टिप्पणी गरेका छन्। उनले प्रतिरोधको नीतिलाई निरन्तर अघि बढाइने र क्यास्पियन सागर क्षेत्रमा कुनै पनि गतिविधि स्वीकार्य नहुने चेतावनीसमेत दिएका छन्।

इरानी समाचार संस्था आइएसएनएका अनुसार संसद्को सार्वजनिक तथा बन्द सत्रलाई सम्बोधन गर्दै हाजी बाबाईले हिजबुल्लाहले इरानी नेतृत्वप्रति व्यक्त गरेको समर्थनलाई प्रतिरोध आन्दोलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गरे। उनका अनुसार यसले क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा इरान र प्रतिरोधपक्षको प्रभाव बढाएको छ तथा अमेरिका र इजरायललाई पछि हट्न बाध्य बनाएको छ।

उनले दिवंगत सर्वोच्च नेता अयातुल्ला सैय्यद अली हुसैनी खामेनीको भनाइ उद्धृत गर्दै लेबनानको सार्वभौमिकता र भौगोलिक अखण्डताको संरक्षण तथा इजरायली आक्रमणको पूर्ण अन्त्यलाई कुनै पनि सम्भावित समझदारीको पहिलो सर्त बनाइएको बताए। वर्तमान सर्वोच्च नेता अयातुल्ला सैय्यद मोजतावा हुसैनी खामेनीको भनाइ उद्धृत गर्दै हाजी बाबाईले जिहाद र प्रतिरोधबाहेक अर्को विकल्प नरहेको र यही मार्गमा अडिग रहे सफलता प्राप्त हुने धारणा व्यक्त गरे।

अमेरिकाप्रति लक्षित टिप्पणी गर्दै उनले इरानले वासिङ्टनको इच्छाअनुसार चल्न नहुने र अमेरिकालाई क्षेत्रमा प्रभावशाली भूमिका खेल्न दिइन नहुने बताए। उनका अनुसार इरानी जनताको इच्छाशक्तिले अमेरिकालाई क्षेत्रीय तथा इरानको आन्तरिक राजनीतिमा निस्क्रिय बनाएको छ। हाजी बाबाईले अमेरिकाको युद्ध, शान्ति र संवाद सबै रणनीतिक उद्देश्यबाट निर्देशित हुने दाबी गर्दै त्यसकारण इरान अमेरिकासँग कहिल्यै समझदारीमा पुग्न नसक्ने बताए।

उनले विश्वको महत्त्वपूर्ण ऊर्जा आपूर्ति मार्ग मानिने हर्मुज जलघाँटीले इरानलाई ठूलो रणनीतिक शक्ति दिएको उल्लेख गर्दै त्यसको संरक्षणलाई राष्ट्रिय प्राथमिकता बनाउनुपर्ने धारणा राखे।

यसैबीच, क्यास्पियन सागरमा इरानी जहाजमाथि हालै भएका भनिएका आक्रमणको प्रसंग उल्लेख गर्दै उनले युक्रेनलाई चेतावनी दिँदै त्यस्तो कुनै पनि गतिविधि दोहोरिए इरानले कडा प्रतिक्रिया दिने बताए। *रासस/एएनआई*

# अमेरिकी शुल्कविरुद्ध ब्राजिल डब्लुटिओमा



**साओ पाउलो–** संयुक्त राज्य अमेरिकाले ब्राजिलका विभिन्न उत्पादनमा लगाएको अतिरिक्त आयात शुल्कविरुद्ध ब्राजिलले विश्व व्यापार संगठन (डब्लुटिओ) मा औपचारिक परामर्शको माग दर्ता गरेको छ। ब्राजिलले अमेरिकी कदम अन्तर्राष्ट्रिय व्यापार नियमविपरीत र अन्यायपूर्ण रहेको दाबी गरेको छ।

ब्राजिलको विदेश मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिअनुसार जुलाई २७ मा डब्लुटिओको विवाद समाधान संयन्त्रअन्तर्गत अमेरिकासँग परामर्शका लागि औपचारिक अनुरोध पेस गरिएको हो। मन्त्रालयले अमेरिकी शुल्क अन्तर्राष्ट्रिय व्यापार नियमसँग मेल नखाने र असंगत रहेको जनाएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी प्रशासनले यसै महिनादेखि ब्राजिलका धेरै उत्पादनमा दुई चरणमा नयाँ शुल्क लागू गरेको थियो। अमेरिकाले कथित अनुचित व्यापार अभ्यासका आधारमा २५ प्रतिशत तथा जबर्जस्ती श्रम प्रयोग गरिएको आरोपमा थप १२.५ प्रतिशत शुल्क लगाएको जनाएको छ। डब्लुटिओको प्रक्रियाअनुसार परामर्शको अनुरोध विवाद समाधानका लागि प्यानल गठन हुनुअघिको प्रारम्भिक चरण हो।

ब्राजिलले यसअघि सन् २०२५ मा पनि यस्तै प्रक्रिया अपनाएको थियो। त्यसबेला अमेरिकाले पूर्वराष्ट्रपति जाइर बोल्सोनारोसँग सम्बन्धित मुद्दालाई लिएर ब्राजिलमाथि ५० प्रतिशत शुल्क लगाएको थियो र त्यसलाई पछि अधिकांश रूपमा फिर्ता लिइएको थियो। हाल ब्राजिलमा आगामी अक्टोबरमा हुने राष्ट्रपतीय निर्वाचनअघि राजनीतिक तनाव बढिरहेको छ। पूर्वराष्ट्रपति बोल्सोनारोका छोरा तथा दक्षिणपन्थी उम्मेदवार फ्लेभियो बोल्सोनारो वर्तमान वामपन्थी राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भासँग प्रतिस्पर्धामा छन्।

राष्ट्रपति लुलाले फ्लेभियो बोल्सोनारोले निर्वाचनमा राजनीतिक लाभ लिन अमेरिकी शुल्कको दबाबलाई प्रोत्साहन गरेको आरोप लगाएका छन्। तर फ्लेभियो बोल्सोनारोले उक्त आरोप अस्वीकार गरेका छन्।

यसैबीच, कूटनीतिक स्रोतका अनुसार ब्राजिलले निर्वाचनअघि त्यहाँका निर्वाचन अधिकारीहरूसँग भेटघाट गर्ने उद्देश्यले जान चाहेका दुई अमेरिकी अधिकारीलाई प्रवेशाज्ञा (भिसा) दिन अस्वीकार गरेको छ। *रासस/एएफपी*

## चीनमा समुद्रमा डुबेको जहाजबाट ४८ जना भियतनामीको उद्धार

**हनोई (चीन)–** दक्षिण चीनको समुद्रमा डुबेको भियतनामी जहाज खोइ गुयेन-१८ बाट ४८ जना भियतनामीको उद्धार गरिएको जनाइएको छ। हाल उनीहरू आ-आफ्नो घरमा फर्किरहेकोसमेत स्थानीय दैनिक भ्वाइस अफ भियतनामले भियतनामी विदेश मन्त्रालयलाई उद्धृत गर्दै मंगलबार रिपोर्ट गरेको छ।

मन्त्रालयको नागरिक सुरक्षा अपडेटका अनुसार सोमबारसम्म खोज र उद्धार कार्यमा कूल ४८ जनालाई उद्धार गरिएको थियो। भियतनामी अधिकारीहरूले उद्धार गरिएका जीवित व्यक्तिहरूलाई चिनियाँ पक्षले उद्धार गरी चिकित्सा सेवा प्रदान गरेको जनाएका छन्। बेपत्ता भएका व्यक्तिहरूको खोजी जारी राखेको रिपोर्ट गरिएको छ।

६२ जना यात्रु बोकेको भियतनामी झण्डाबाहक जहाज खोई गुयेन-१८ दक्षिण चीन सागरको नान्सा टापुहरूको योङ्सु रिफ नजिकैको पानीमा प्रतिकूल मौसमका कारण डुबेको जनाइएको छ। *रासस/सिन्ह्वा*

## इरान, ओमान, साउदी अरेबियाद्वारा स्ट्रेट अफ होर्मुजलाई सुरक्षित गर्न संयुक्त प्रयासको आह्वान



**तेहरान–** इरान, ओमान र साउदी अरेबियाले स्ट्रेट अफ होर्मुजको सुरक्षा सुनिश्चित गर्न संयुक्त कूटनीतिक प्रयासहरू तीव्र बनाउन आह्वान गरेका इरानी विदेश मन्त्रालयले मंगलबार जनाएको छ।

इरानी विदेशमन्त्री सैयद अब्बास अराघची र उनका ओमानी तथा साउदी समकक्षी सैयद बद्र बिन हमद अल बुसाइदी र राजकुमार फैसल बिन फरहान अल सौदबीच भएको छुट्टाछुट्टै फोन वार्तामा यो विषयमा छलफल भएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

छलफलमा मन्त्रीहरूले क्षेत्रीय स्थिरता सुनिश्चित गर्न सहयोग अघि बढाउन र संयुक्त कूटनीतिक प्रयासहरूलाई बढावा दिई अमेरिकी आक्रमणको परिणामस्वरूप स्ट्रेट अफ होर्मुजमा उत्पन्न भएको असुरक्षा हटाउन आवश्यक रहेको कुरामा जोड दिएका छन्।

इरान र ओमानले तेहरानमा शुक्रबार र शनिबार स्ट्रेट अफ होर्मुजमार्फत सुरक्षित आवागमनको विषयमा वार्ता गरेपछि दुवै पक्षले तटीय राज्यहरूको सार्वभौम अधिकारको सम्मान गर्दै समुद्री ट्राफिक व्यवस्थापनका लागि आवाश्यक सिद्धान्त र संयन्त्रहरूमा विचार आदानप्रदान गरेको इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले बताएका छन्।

अमेरिकी सेनाले पछिल्लो समयमा इरानविरुद्ध धेरै चरणमा आक्रमण गरेको जनाएको छ। तेहरानले यस क्षेत्रमा अमेरिकी आधार र सुविधाहरूमा मिसाइल तथा ड्रोन आक्रमणको साथ प्रतिक्रिया दिएको जनाइएको छ। *रासस/सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २८४२०० | प्रति तोला – ० | प्रति तोला – ४३१०



**काष्ठ कला** | काठमाडौँ महानगरपालिका–३० स्थित एक घरमा मंगलबार काठमा बुट्टा भर्दै गरेकी एक महिला । पछिल्लो समय राजधानीमा घर निर्माण गर्नेहरूले काठका ढोकाहरू राख्ने प्रचलन बढेको छ । *तस्बिरः शरच्चन्द्र भण्डारी/रासस*

एनआरएनए प्रतिनिधि-सञ्चारमन्त्री भेट

# नेपालमा थप पुँजी र प्रविधि भित्र्याउन छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले गैरआवासीय नेपाली (एनआरएन) को ज्ञान, सीप, प्रविधि र पुँजीलाई स्वदेशको विकाससँग जोड्ने गरी सरकारले नीतिगत, कानुनी तथा व्यावहारिक सुधारलाई प्राथमिकता दिएको बताएका छन् ।

विदेशमा रहेका नेपालीको अनुभव र लगानीलाई राष्ट्र निर्माणमा उपयोग गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले सूचना प्रविधि, कृत्रिम बौद्धिकता (एआई), डाटा सेन्टर तथा डिजिटल पूर्वाधारजस्ता क्षेत्रमा लगानीका लागि नेपाल तयार रहेको स्पष्ट पारे ।

सूचना र तथा सञ्चार मन्त्रालयमा गैरआवासीय नेपाली संघ (एनआरएनए) का पदाधिकारीसँग मंगलबार भएको भेटवार्तामा सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले देशमा लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक सुधारका काम अघि बढाइरहेको बताए । छलफलमा एनआरएनएका उपाध्यक्ष रोजिना प्रधान राई, उपाध्यक्ष ज्ञानेन्द्र रेग्मी, उपमहासचिव कृष्ण पोखरेललगायतको सहभागिता थियो ।

भेटका क्रममा एनआरएनएका प्रतिनिधिहरूले सन् २०२७ को जनवरीमा काठमाडौंमा आयोजना हुने चौथो 'एनआरएनए ग्लोबल नलेज कन्भेन्सन-२०२७' को तयारीबारे जानकारी गराएका थिए । उक्त सम्मेलनले विश्वभर रहेका नेपालीको ज्ञान, सीप, अनुभव र नवप्रवर्तनलाई नेपालको विकाससँग जोड्ने उद्देश्य राखेको एनआरएनले जनाएको छ ।

छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले विभिन्न स्थानमा आधुनिक डाटा सेन्टर निर्माणको प्रक्रिया अघि बढाइरहेको बताउँदै ती परियोजनामा स्वदेशी तथा विदेशी लगानी दुवैको आवश्यकता रहेको बताए । एआई, डाटा सेन्टर, डिजिटल पूर्वाधार र सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा लगानी गर्न उपयुक्त वातावरण बनेको उल्लेख गर्दै उनले लगानीकर्ताका लागि थप सहज वातावरण तयार गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

उनले विदेशमा बसोबास गर्ने नेपालीले स्वदेशप्रति गहिरो माया राख्ने र देशका लागि केही गर्न चाहने भावना सकारात्मक रहेको उल्लेख गरे । त्यस सम्भावनालाई नीतिगत रूपमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउँदै उनले नेपालमा सीप, प्रविधि र पुँजी भित्र्याएर राष्ट्र निर्माणमा योगदान गर्न गैरआवासीय नेपालीलाई आग्रह गरे । अहिले सरकारले सुशासन र नागरिक सेवा प्रवाहलाई पहिलो प्राथमिकतामा राखेर राजनीतिक संस्कारमा परिवर्तन ल्याउने उद्देश्यका साथ काम गरिरहेको उल्लेख गर्दै सञ्चारमन्त्री डा. तिमिल्सिनाले सुधारका प्रयासमा विभिन्न समस्या तथा व्यवधान आए पनि निरन्तर अघि बढ्ने स्पष्ट पारे ।

'अहिले जहाँ हेरे पनि सुधार गर्नुपर्ने मात्रै देखिन्छ । हरेक ठाउँमा समस्या र चुनौतीका चाङ छन् । नियत सही हुँदा पनि काम गर्ने क्रममा व्यवधान आउन सक्छन् । अहिले के गर्नेभन्दा पनि कसरी गर्ने भन्ने विषय बढी महत्त्वपूर्ण बनेको छ', उनले भने ।

सरकारले प्रक्रियामुखी कार्यशैलीभन्दा नतिजामुखी कार्यसम्पादनलाई प्राथमिकता दिएको उल्लेख गर्दै उनले नागरिकलाई प्रभावकारी सेवा प्रवाहलाई केन्द्रमा राखेर सरकार अघि बढिरहेको बताए । नीति, योजना र बजेट कार्यान्वयनमा व्यावहारिक सुधार गर्दै सुशासन र डिजिटल प्रणालीको विस्तारमा सरकार केन्द्रित रहेको सञ्चारमन्त्री तिमिल्सिनाको भनाइ थियो ।

एनआरएनएका प्रतिनिधिहरूले सरकारले अघि सारेका डिजिटल रूपान्तरण, विद्युतीय शासन, कृत्रिम बौद्धिकता, सुशासन तथा डिजिटलाइजेसनका कार्यक्रम कार्यान्वयनमा सहकार्य गर्न आफूहरू तयार रहेको बताएका छन् । कृषि, पर्यटन, सूचना प्रविधि, नवप्रवर्तन तथा अन्य उत्पादनमूलक क्षेत्रमा ज्ञान, सीप र लगानीमार्फत एनआरएनले सहयोग गरिरहेको उल्लेख गर्दै एनआरएनले सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग मेल खाने गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको एनआरएनएले जानकारी दिएको छ ।

एनआरएनएका उपाध्यक्ष रोजिना प्रधान राईले गैरआवासीय नेपालीलाई निश्चित अधिकारसहितको नागरिकता उपलब्ध गराउने सरकारको निर्णयलाई सकारात्मक कदमको रूपमा स्वागत गर्दै त्यसको कार्यान्वयनलाई थप सहज बनाउन आग्रह गरे । उनले गैरआवासीय नेपालीसम्बन्धी ऐन संशोधनका लागि तयार भएको विधेयकलाई पनि सरकारले शीघ्र अघि बढाउनुपर्ने आवश्यकता औँल्याए ।

गैरआवासीय नेपालीले नेपालमा सम्पत्ति खरिद-बिक्री, सवारीचालक अनुमतिपत्र प्राप्ति लगायतका सेवामा विभिन्न व्यावहारिक समस्या भोग्नुपरेको तथा आफ्नै देश आउँदासमेत भिसासम्बन्धी जटिलताको सामना गर्नुपरेको उनले उल्लेख गरे । 'एक पटकको नेपाली सधैँको नेपाली' भन्ने अवधारणाअनुसार सरकारले व्यवहारिक नीति अवलम्बन गर्न सके नेपालमा थप सीप, प्रविधि र पुँजी भित्रिने विश्वास उनले व्यक्त गरे ।

# दार्चुलामा मध्य चमेलिया जलविद्युत् आयोजना निर्माण हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशको जलविद्युत् केन्द्रका रूपमा स्थापित चमेलिया नदीमा थप अर्को आयोजना निर्माण हुने भएको छ ।

दार्चुला पावर कम्पनी प्रवर्द्धन रहेको २८ दशमलव ३० मेगावाट क्षमताको मध्य चमेलिया जलविद्युत् आयोजना सो नदीमा निर्माण हुन लागेको हो । दार्चुलाको अपी नाम्पा संरक्षण क्षेत्रभित्र पर्ने आयोजना मार्मा गाउँपालिकामा अवस्थित छ । नदी प्रवाहमा आधारित परियोजनालाई विद्युत् विकास विभागले २०८१ चैत १३ गते विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको थियो । आयोजनाको सम्पूर्ण संरचना चमेलिया नदीको बायाँ किनारमा रहनेगरी प्रस्ताव गरिएको छ ।

उक्त आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकनका लागि प्रस्ताव भएबमोजिम कृषि, वन तथा पर्यावरण मन्त्रालयले सोमबार सार्वजनिक सूचना सार्वजनिक गरेको छ । यसअघि २०८० चैत ७ गते आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तत्कालीन वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको थियो ।

यस्तै, २०८२ पुस २१ मा पूरक वातावरणीय प्रभाव मूल्यांकन अध्ययनका लागि सहमति प्राप्त भएको थियो । आयोजनाको डिजाइन परिवर्तन एवं संरचना स्थानान्तरणका कारण उत्पन्न हुन सक्ने वातावरणीय प्रभावको मूल्यांकन गर्न उक्त अध्ययन गर्न लागिएको सूचनामा उल्लेख छ ।

नेपाल विद्युत् प्राधिकरण र प्रवर्द्धक चमेलिया पावर लिमिटेडबीच २०८० असोज २९ गते विद्युत् खरिद बिक्री सम्झौता भइसकेको छ । यस्तै, २०८२ जेठ २१ गते आयोजानको वित्तीय व्यवस्थापनसमेत भइसकेको छ ।

प्रस्तावित आयोजनास्थल दार्चुला जिल्लाको गोकुलेश्वरबाट करिब ३० किलोमिटर टाढा उत्तर पश्चिमतर्फ अवस्थित छ । आयोजनाको माथिल्लो तटमा ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत् आयोजना रहेको छ । यस्तै, तल्लो तटमा ३० मेगावाट क्षमताको चमेलिया खोला जलविद्युत् आयोजना छ ।

उत्पादित बिजुली प्राधिकरणको बलाच सवस्टेशनमा जोडिनेछ । आयोजनाबाट वर्षायाममा ११८ दशमलव ५२ गिगावाट घण्टा र हिउँदमा ६७ दशमलव १०० गिगावाट घण्टा बराबरको ऊर्जा उत्पादन हुनेछ । आगामी तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको सो आयोजनाको कुल लागत रु छ अर्ब २३ करोड ६२ लाख ६७ हजार ३९० रहेको छ ।

# सामान्य अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक मंगलबार सामान्य अंकले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४ दशमलव ६४ अंकले घटेर दुई हजार ६९६ दशमलव ६७ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७० अंकले घटेर ४७० दशमलव ७९ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ३१ अंकले घटेर १८५ दशमलव २२ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक शूल्य दशमलव १८ अंकले घटेर १५९ दशमलव ७० मा पुगेको छ । विभिन्न कम्पनीका एक करोड चार लाख २१ हजार ८६३ कित्ता सेयर रु चार अर्ब ४२ करोड ७३ लाख पाँच हजार ५४२ मूल्यमा खरिद बिक्री भएको छ ।

तेह्र उपसमूहमध्ये चार उपसमूह बढ्यो भने ९ उपसमूह घटेको छ । मंगलबार ९८ कम्पनीको सेयर बढ्यो भने १६६ कम्पनीको सेयर घट्यो । त्यसैगरी १३ कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, लक्ष्मी उन्नति कोष, गरिमा समृद्धि योजनाका लगानीकर्ताले कमाएका छन् भने कुथेली बुखरी स्मल हाइड्रोपावर, सिद्धार्थ इक्युटि फण्ड, मेगा म्युचुअल फण्डलगायत लगानीकर्ताले गुमाएका छन् ।

# दक्षिण एसियाको इन्टरनेट पूर्वाधार सुदृढ गर्न एपिनक र सनोगबीच साझेदारी

**काठमाडौं (प्रस)–** एसिया प्यासिफिक नेटवर्क इन्फर्मेसन सेन्टर (एप्निक) र साउथ एसिया नेटवर्क अपरेटर्स ग्रुप (सनोग) बीच दक्षिण एसियाली क्षेत्रमा प्राविधिक क्षमता अभिवृद्धि गर्ने, सामुदायिक सहकार्यलाई प्रोत्साहन गर्ने र इन्टरनेटको विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौंमा एक समझदारी भएको छ ।

समझदारीपत्रमा एप्निकका डाइरेक्टर जनरल जिया रोङ लो र सनोगका अध्यक्ष रूपेश श्रेष्ठले हस्ताक्षर गरेका छन् । यो समझदारीले एउटा विश्वव्यापी, खुला, स्थिर र सुरक्षित इन्टरनेटको साझा अवधारणामा आधारित सहकार्यको ढाँचा तयार गरेको छ ।

समझदारीपत्रका सर्तअनुसार, एप्निक र सनोगले दक्षिण एसियाभरका नेटवर्क इन्जिनियर तथा अपरेटरहरूका लागि संयुक्त प्राविधिक तालिम र क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्न मिलेर काम गर्नेछन् । यी पहलहरूले क्षेत्रीय नेटवर्क सुरक्षा र सञ्चालन सहजतालाई मजबुत बनाउन आइपीभी-६, रिसोर्स पब्लिककी इन्फ्रास्ट्रक्चर र रुट ओरिजिन भ्यालिडेसनलगायतका महत्वपूर्ण पूर्वाधार प्रविधिहरूको प्रयोगलाई तीव्र बनाउनमा विशेष जोड दिनेछन् ।




ज्ञान आदानप्रदानलाई अझ प्रगाढ बनाउन यी संस्थाहरूले सनोग सम्मेलनहरूसँगै एप्निक उप-क्षेत्रीय मञ्चहरू आयोजना गर्ने र प्रत्येक कार्यक्रममा पाँचवटासम्म निम्ता र दर्ता निःशुल्क गर्ने सुविधासहित आपसी सहयोग उपलब्ध गराउने योजना बनाएका छन् ।

यसका अतिरिक्त यो रणनीतिक सहकार्यले सक्रिय क्षेत्रीय सहभागितालाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ । यो औपचारिक समझदारीमार्फत दुवै संस्थाले क्षेत्रीय प्राविधिक समुदायहरूलाई जोड्ने, विश्वव्यापी इन्टरनेट गभर्नेन्समा दक्षिण एसियाली सहभागिता बढाउने र सबल डिजिटल पूर्वाधारको निरन्तर विकासमा सहयोग पुऱ्याउने लक्ष्य राखेका छन् ।

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला -प्राथमिक उपचार सामाग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं,

बाढी/पहिरो आएमाः
- अनावश्यक हिँडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ